# महालेखापरीक्षकको

## वार्षिक प्रतिवेदन

## २०७८

## भँगाहा नगरपालिका

## महोत्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय**

पत्र सख्या : २०७८।७९
च.नं.: १२८                                                                                     मितिः२०७८।०५।०४

श्री प्रमुखज्यू,
भँगाहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भँगाहा, महोत्तरी।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय**


पत्र संख्याः २०७८।७९

च.नं.: ७६ मितिः२०७८।५।४

श्री प्रमुखज्यू,
भँगाहा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भँगाहा, महोत्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले भँगाहा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । अन्तिम प्रतिवेदन पाना ४३ (त्रिचालिस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. १३ करोड ३९ लाख ०५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू. १ करोड २२ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८ करोड ७५ लाख २८ हजार नियमित गर्नुपर्ने रु. ३ करोड १७ लाख ५८ हजार र पेश्की बाँकी रु. २३ लाख ९९ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउनसक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# लेखापरीक्षण प्रतिवेदन
## भँगाहा नगरपालिका, महोत्तरी
## आर्थिक बर्षः २०७६।७७

**परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भंगहा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भंगहा नगरपालिकाको उद्देश्य रहेको छ । यस भंगहा नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, ७७.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ४६७५४ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम भंगहा नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७६/७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः-

### एकिकृत आय-व्याय विवरण
### आर्थिक वर्ष २०७६/७७

| आयतर्फ | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | | ११९३२०८३६.५ |
| | क) नगद | ०० | | क) संघिय वित्तिय समानिकरण | २०८७८१२९ | |
| | ख) बैंक (अनुसूची १ अनुसार) | ३४८८१३६५.४६ | | ख) प्रदेश वित्तिय समानिकरण | १७०००० | |
| | ग) धरौटी बैंक | १०४०६११ | | ग) राजस्व बाँडफाँड | ४६७००३८२.४९ | |
| २ | **संघिय वित्तिय हस्तान्तरण** | | | घ) आन्तरिक स्रोत | ५१५७२३२५ | |
| | क) वित्तिय समानिकरण अनुदान | १३२९००००० | २ | **पुँजिगत खर्च** | | १५१३९७४७७.९ |
| | ख) सशर्त अनुदान | १९३३४१००० | | क) संघिय वित्तिय समानिकरण | ८८०८२५५३.८७ | |
| ३ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ख) प्रदेश वित्तिय समानिकरण | ६९६३४०० | |
| | क) वितिय समनिकरण अनुदान | ७५७०००० | | ग) राजस्व बाँडफाँड | ०० | |
| | ख) सशर्त अनुदान | १००००००० | | घ) राजस्व बाँडफाँड संघ | ४३२७५६२४ | |
| | ग) समपुरक अनुदान | ४०००००० | | ङ) आन्तरिक स्रोत | १३०७५९०० | |
| | घ) विशेष अनुदान | ३०००००० | ३ | **अनुदान खर्च** | | १६३५४७००६.७ |
| | | | | क) संघिय सशर्त अनुदान | १५५६३६००६.७ | |
| ४ | **विषयगत निकासा रकम** | | | ख) प्रदेश सशर्त अनुदान | ७९११००० | |
| | क) सामाजिक सुरक्षा | १०४७४८८०० | | ग) प्रदेश समपुरक अनुदान | ०० | |
| | ख) स्थानिय पूर्वाधार | ३०२३९०७२ | | घ) प्रदेश विशेष अनुदान | ०० | |
| | ग) सडक वोर्ड | ३९२८५४३ | ४ | **विषयगत निकासा खर्च** | | १४०६९५२६४ |
| | घ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १०६३९०९ | | क) सामाजिक सुरक्षा | १०४७४८८०० | |
| | ङ) बहुक्षेत्रीय पोषण | २१९९४० | | ख) स्थानिय पूर्वाधार | ३०२३९०७२ | |
| | च) राष्ट्रपति महिला उत्थान कार्यक्रम | ०० | | ग) सडक बोर्ड | ३९२८५४३ | |
| | छ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ०० | | ग) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | १०६३९०९ | |
| | ज) गरिबसँग विसेश्वर कार्यक्रम | ४९५००० | | घ) बहुक्षेत्रीय पोषण | २१९९४० | |
| | | | | च) गरिबसँग विशेश्वर कार्यक्रम | ४९५००० | |
| ५ | **आन्तरिक आय** | | ५ | **को.ले.नि.का / प्र.ले.नि.का. फिर्ता** | | ३७७०४९९३.३ |
| | क) आन्तरिक राजस्व | ६४६४८२२५ | | क) संघिय सशर्त अनुदान | ३७७०४९९३.३ | |
| | ख) राजस्व बाँडफाँड | ८९१७६००६.४९ | | ख) प्रदेश सशर्त अनुदान | ०० | |
| | ग) अन्य आय | १०२२४६८९.२६ | | ग) विषयगत फ्रिज हुने शिर्षक | ०० | |
| ६ | **धरौटी प्राप्ती** | ७९४००० | ७ | **धरौटी फिर्ता** | | १०७२०७३ |
| ७ | **विभिन्न कोष आम्दानी** | | ८ | **धरौटी बाँकी मौज्दात** | | ७६२५३८ |
| | क) विविध कोष कोभिड-१९ प्रदेश सरकारबाट प्राप्त | १५००००० | ९ | **गत विगतको शशर्त अनुदानको बेरुजु दाखिला** | | ४७४४७८८३ |
| | ख) महिला स्वयमसेविका पोषाक भत्ता | ५४०००० | १० | **विविध कोष खर्च** | | २०४०००० |
| | | | ११ | **बाँकी मौज्दात** | | ३०३२८०८८.८५ |
| | | | | चालु खर्च खातामा बाँकी | ४७७९९३०.८४ | |
| | | | | बिभाज्य कोष बाँकी | २१५२४०.३० | |
| | | | | संचित कोष मौज्दात बाँकी | २५३२७९१७.७१ | |
| | जम्मा | ६९४३१११६१.२१ | | जम्मा | | ६९४३१११६१.२१ |

| दफा | गो.भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७७ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः- | |
| २. | **लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणको क्रममा निम्नानुसारका रकम असुल भई दाखिला भएको छ । | |

| सि.नं. | पद र नाम | असुल रकम रु. |
|---|---|---|
| १. | वडा नं. ६ का वडा सचिव विरेन्द्र महतो | ९६२८ |
| २. | वडा नं. ७ का वडा सचिव विजय कुमार सिंह | ५२५७.२२ |
| ३. | वडा नं. ३ र ४ का वडा सचिव लक्ष्मी प्रसाद सिंह | २८१३६ |
| ४. | वडा नं. ८ का वडा सचिव तनुकलाल दास | ८०७० |
| ५. | खुल्ला दिशा मुक्त तथा पूर्ण खोप घोषणा कार्यक्रम अन्तर्गत घटी विल भरपाई वापत स्वास्थ्य संयोजक मनोहर यादवबाट असुल | २४०० |
| | जम्मा | ५३४९१.२२ |

| दफा | गो.भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **आर्थिक विवरणको विश्लेषण** | |
| ३. | **क) जिम्मेवारी फरक परेकोः-** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३९९२६७७६.६६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३४८८१३६५.४६ जिम्मेवारी सारेको देखियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५०४५४११.२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | ५०४५४११ |
| | ख) प्रदेश सरकारबाट समपुरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान र समानिकरण अनुदान तर्फको निकासा तथा खर्च कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरीबाट आर्थिक विवरण प्रमाणित हुनु पर्नेमा त्यसरी प्रमाणित भएको देखिएन । | |
| | ग) गत वर्षको रु. ३४८८१३६५.४६ जिम्मेवारी बाँकी रहेकोमा यो वर्ष विभिन्न शिर्षकमा संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट प्राप्त रकम रु. ६५८३८९१८४.७५ थप हुँदा रु. ६९३२७०५५०.२१ हुन गएकोमा कार्यालयले आर्थिक विवरण अनुसार यो वर्ष रु. ३७७०४९९३.३० फ्रिज गरेको रकम समेत रु. ६१४७०५५७८.३६ खर्च भएकोले वर्षको अन्तमा रु. ७८५६४९७१.८५ बैंक मौज्दात बाँकी हुनु पर्नेमा समानिकरण, संचित कोष र विभाज्यकोष तर्फ बेरुजु दाखिला गर्न बाँकी रु. २१५२४०.६० समेत जोड्दा रु. ३०३२३०८८.८५ देखाएको छ । यस प्रकार नगद प्रवाहमा रु. ४७४४७८८३।- फरक परेको सम्बन्धमा छानविन गरी एकिन गर्नु पर्ने देखिएको छ । | |
| | घ) राजश्व बाँडफाँड शिर्षकमा खर्चको फाँटवारीमा रु. ८९९७६००६.४९ खर्च देखाएकोमा आर्थिक विवरण अनुसार रु. ८९१७६००६.४९ रहेको देखिएको, पूँजीगत तर्फ रु. ४३२७५६२४।- र चालु तर्फ रु. ४६७००३८२.४९ गरी अलग आर्थिक विवरण जोड गर्दा रु. ८९९७६००६.४९ देखिन्छ । यसप्रकार एकिकृत आर्थिक विवरण र शुत्र अनुसारको अलग आर्थिक विवरण एंव खर्चको फाँटवारी बीच रु. ८०००००।- फरक परेको रकम एकिन हुनु पर्ने रु. | ८००००० |
| ४. | **बैंक हिसाब मिलान नगरेकोः-** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा कार्यालयसँग बैंक खाताको मासिक विवरण पटक पटक माग गरेकोमा सो उपलब्ध नगराई बर्षान्तको एकमुष्ट खातामा रहेको बाँकी रकम मात्र उल्लेख भएको पत्र उपलब्ध गराएको छ । पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | श्रेस्ताभन्दा बैंकमा घटी / बढी |
|---|---|---|---|---|
| १ | संचितकोष खाता | २५३२७९१७.७१ | ९८५२८५५७.६४ | ७३२००६३९.९३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | विभाज्य कोष खाता | २१५२४०.३ | १४७१२४४५.३० | १४४९७२०५ |
| ४ | धरौटी खाता | ७६२५३८ | १८६८५३८ | ११०६००० |
| ५ | स्थानिय तह विविध कोष खाता | ८४४७४ | २४५३९५ | १६०९२१ |
| ६ | चालु खर्च खाता (विजोर वर्ष) | ४७७९९३०.८४ | ०० | (४७७९९३०.८४) |
| ७ | पूँजीगत खर्च खाता (विजोर वर्ष) | ०० | ०० | |
| ८ | स्थानिय तह राजश्वकोष खाता | ०० | २५३३०७० | २५३३०७० |
| | जम्मा | ३११७०१००।८५ | ११७८८८००५.९४ | ८६७१७९०५।०९ |

चालु खर्च खातामा बर्षान्तमा श्रेस्ताअनुसार रु. ४७७९९३०.८४ बाँकी रहेको र बैंक स्टेटमेन्ट अनुसार शुन्य मौज्दात रहेको देखिएकोले यस सम्बन्धमा छानविन गरी एकिन गर्नु पर्ने रु. ४७७९९३०

धरौटी खाता बाहेक स्रेस्ताअनुसार रु. ३०३२३०८८.८५ मौज्दात देखिएकोमा आर्थिक विवरणमा रु. २५३२७९१७.७१ मात्र देखाएकोले रु. ४९९५१७१.१४ बढी देखिएको सम्बन्धमा एकिन हुनुपर्दछ ।

लेखापरीक्षणको शिलशिलामा विविध कोषखाताहरूको आर्थिक विवरण र स्रेस्ता पेश नभएकोले उल्लेखित खाता अन्तर्गतको स्रेस्ता मात्र परीक्षण गरिएको छ । यस सन्दर्भमा धरौटी समेतको मौज्दात हिसाव गर्दा स्रेस्ताअनुसार रु. ३११७०१००।८५ देखिएकोमा बैंक विवरण प्रमाणित बैंकको पत्र अनुसार वर्षको अन्तमा रु. ११७८८८००५.९४ देखिएकोले स्रेस्ताभन्दा बैंकमा बढी मौज्दात रहनुको मुख्य कारण आम्दानी छुट हुनसक्ने तर खर्च नभएको वा आम्दानी कम भएको तर कार्यालयले बैंक विवरण तयार गर्नुपर्नेमा प्रविष्टी नगरेको अवस्थाले स्रेस्ताभन्दा बैंकमा रु. ८६७१७९०५।०९ फरक भएको रकम हिसाव मिलान हुनुपर्दछ । उपर्युक्त अनुसार कतिपय खातामा मौज्दात नदेखि सो बैंकमा मौज्दात रहेको तर स्रेस्तामा मौज्दात देखिँदा बैंक विवरणमा मौज्दात रहेको कारण समेत एकिन गरी हिसाव मिलान हुनुपर्दछ ।

५. **धरौटीः-** धरौटी आयतर्फ गत आ.व. सम्मको जिम्मेवारी सारेको रु. १०४०६११।- र चालु आ.व. को जम्मा रु. ७९४०००।- र यो वर्ष फिर्ता रु. १०७२०७३।- भई रु. ७६२५३८।- मौज्दात बाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष अनुसार आयु वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दातमा ल्याएको, धरौटी राखेको पुरा विवरण नखुलाएको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरीनु पर्दछ ।

६. **गत आ.व. को भुक्तानीः-** गत आ.व. मा भुक्तानी हुन नसकी म.ले.प.फा.नं. १८ गत आ.व. को प्रमाणित भुक्तानी बाँकीको कच्चावारीमा रहेका रकमहरू मात्र चालु वर्षमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी बाँकीको कच्चावारी विवरण प्रमाणित नभएका निम्नानुसार रु.१४३६०० खर्च यस वर्ष भुक्तानी गरेको देखियो । गत आ.व. को भुक्तानी गर्न बाँकी यस वर्ष भुक्तानी गर्दा खर्चको वास्तविक्ता एकिन गर्न नसकिने हुँदा यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ । गत आ.व. को खर्च भुक्तानी अनियमित देखिएको रु. १४३६००

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| २५-२०७६/७/६ | नगर उपप्रमुख गंगा कुमारी सिंह दनुवारको २०७६/३/७-३/९ र २०७६/२/३२-३/२ सम्मको भ्रमण खर्च भुक्तानी । | ७२०० |
| २६-२०७६/७/६ | २०७६/७/३ को मर्मत आदेशबाट मर्मत गरी आदित्य मोटर पार्टसको २०७६/३/३० को ४ वटा विल पेश गरी भुक्तानी । | ७०७०० |
| ३१-२०७६/७/७ | आदित्य मोटर पार्टसको २०७६/३/१० को विल । | १७०० |
| ३२-२०७६/७/७ | कानुनी सल्लाहकार राम एकवाल राय लाई २०७६ जेष्ठ र असाढको पारिश्रमीक भुक्तानी । | ३०००० |
| ३८-२०७६/७/२६ | वडा नं १ वडा कार्यालयको २०७५ असोज देखि २०७६ असाढ सम्मको घर भाडा सुधिर ठाकुरलाई भुक्तानी । | ३४००० |
| | जम्मा | १४३६०० |

७. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको वार्षिक आर्थिक तथा कार्यसम्पादन

प्रतिवेदन तयार गरेको छैन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैंक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार गरेको छैन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन र सो समितिको सुझाव कार्यान्वयन हुन सकेको देखिइन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको एंव अभिलेख प्रभावकारी नरहेको अवस्था छ ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको गराएको छैन् ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन् ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको छैन् ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक रुपमा मात्र पालना गरेको देखिन्छ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको र ढल एंव फोहोरमैला व्यवस्थापन कार्य सन्तोषजनक हुन सकेको छैन् ।
- पालिकाको विकास निर्माण र ठेक्का व्यवस्थापन प्रभावकारी रहेको छैन् ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन् ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको छैन् ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको छ ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- बैठकभत्ताको भुक्तानी गर्दा बैठकको समय उल्लेख नगरेकोले कार्यालय समयको वा बाहिरको बैठक भत्ता हो छुट्याउन नसकिएको कारण कुनै व्यहोरा उल्लेख गर्न सकिएन । अत कार्यालय कामसँग सम्बन्धित बैठक भत्ता खर्च लेख्दा माइन्यूटमा समय उल्लेख हुनु पर्दछ ।
- लेखापरीक्षण ऐनमा लेखापरीक्षकले माग गरेको कागजात तथा विवरण समयमा उपलब्ध गराउने सम्बन्धित कार्यालयको

| | | |
|---|---|---|
| | कर्तव्य हुने उल्लेख छ । कार्यालयले लेखापरीक्षणको लागि स्रेस्ता कागजात साथ लेखापरीक्षण योजना बमोजिमको अनुसूची फारम १ देखि १४ सम्मको पूँजिगत खर्चको विस्तृत विवरण, टुक्रा पारी खरिद गरेको विवरण, खरिद सम्झौता सम्बन्धि विवरण, ठेक्काको म्याद थप सम्बन्धि विवरण, कार्यक्रम संचालन । पूँजिगत खर्च विवरण, परामर्श खर्च सम्बन्धि विवरण, कार्यसंचालन तथा अन्य कोष सम्बन्धि विवरण, आन्तरिक आम्दानी तर्फ मूल्य अभिवृद्धिकर असुली स्थिति, कर दस्तुर, सेवा शुल्क र भाडा आदि असुल गर्न बाँकीको विवरण एकिकृत रुपमा भरि उपलब्ध गराउन लेखापरीक्षण गर्ने क्रममा आर्थिक विवरण उपलब्ध गराउने पत्र साथ माग गरेकोमा कार्यालयले उपलब्ध गराएन । जसले गर्दा यस सम्बन्धि थप विश्लेषण गर्न सकिएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८. | **जिन्सी अभिलेखः-** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, नगरपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ । | |
| ९. | **खरिद गुरुयोजना र योजनाः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरूको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ । | |
| १०. | **यन्त्र उपकरण सञ्चालनः-** भंगहा नगरपालिकाले नगरपालिका अन्तर्गत रहेका भारी यन्त्र उपकरण सञ्चालन गर्न भारी यन्त्र उपकरण सञ्चालन कार्यविधि, २०७६ तयार गरेको छ । जस अन्तर्गत लोडर, स्काईभेटर, रोलर, ट्रिपर जस्ता उपकरण सञ्चालन गर्दा कार्यालयको काम बाहेक अन्य समयमा अन्य व्यक्ति तथा संस्थालाई उपकरण प्रयोग गर्न दिई प्रति घण्टा व्याक्होलोडरको लागि इन्धन सहित रु. १७००, इन्धन बाहेक रु. १२०० को दरले भाडा असुल गर्ने र १० घण्टाको १ सिप्ट मानी रु. ८४०० (इन्धन बाहेक) एकमुष्ट राजश्व असुल गर्ने भनी तोकिए पनि कार्यालयले सो निर्णय अनुसार कार्यालयमा भएको व्याक्होलोडर, रोलर एंव टिपर जस्ता उपकरणको प्रयोग अवधी खुलाई आम्दानी गर्नु पर्नेमा नगरेकोले चलेको अवधी एकिन गरी छानविन गरी राजश्व असुल गर्नु पर्दछ । | |
| ११. | **योजनागत लक्ष्य प्रगतीः-** लेखापरीक्षण क्रममा बजेत तथ कार्यक्रम अनुसारको लक्ष्य प्रगति बिबरण माग गरेकोमा नगरपालिकाले सो अनुसारको विवरण उपलब्ध नगराएकोले यस सम्बन्धमा बिश्लेषण गरी प्रतिवेदन गर्न सकिएन । | |
| १२. | **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुंजीगत तर्फ प्रथम चौमासिकमा १.०२५ प्रतिशत, दोश्रो चौमासिकमा ४०.२५ प्रतिशत र तेश्रो चौमासिकमा ५८.७२ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ३१.५९ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने | |

प्रवृतिमा सुधार गरिनुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजिगत | १६८९१७३७७.८७ | १७३१५५० | ६७९९५९४३.८७ | ९९१८९८८४ | ५३३५६७५६ |
| | **खर्च प्रतिशत** | **१००** | **१.०२५** | **४०.२५** | **५८.७२** | **३१.५९** |

१३. **फ्रिज नगरेकोः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । खर्च नभई वाँकी रहेको निम्नानुसार फ्रिज हुने रकम को.ले.नि.का.मा फिर्ता दाखिला नगरी नगरपालिकामा नै राखेको देखिएकोले उक्त रकम बेरुजु बापत प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. ९०८९०००

| अनुदानको किसिम | निकासा | खर्च | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश शशर्त अनुदान | १००००००० | ७९११००० | २०८९००० |
| प्रदेश समपुरक अनुदान | ४०००००० | ०० | ४०००००० |
| प्रदेश विशेष अनुदान | ३०००००० | ०० | ३०००००० |
| **जम्मा** | **१७००००००** | **७९११०००** | **९०८९०००** |

१४. **निर्माण कार्यः-** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । नगरपालिकाले अधिकाँश योजनाहरू उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत नदेखिएकोले ठेक्का प्रकृयाबाट प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१५. **गुणस्तर परीक्षणः-** सार्वजनिक खरिद नयमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।

१६. **बार्षिक बजेट स्विकृतिः-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री गंगादेवी सिंह दनुवारले मिति २०७६/३/१० गते रु.४५ करोड ४६ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/३/२८ मा पारित भएको छ ।

१७. **खर्च गर्ने अख्तियारी र कार्यविधिः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार अख्तियारी दिएको छः-

| बजेट कार्न्यान्वयनका चरण | कानूनी व्यवस्था | नियमको व्यबस्था | कार्य भएको मिति |
|---|---|---|---|
| सभाबाट बजेट स्विकृत भएको मिति | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ | असार मसान्त भित्र | असार २९ |
| प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ | सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र | श्रावण ०८ |
| प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग र महाशाखा र शाखा र इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | श्रावण २२ |
| सम्बन्धित विभाग र महाशाखा र शाखा र एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | |

| | | | |
|---|---|---|---|
| सबै विभाग र महाशाखा र शाखा  र इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ६ | | असार ५ भित्र |
| नगरपालिका वा नगरपालिकाले आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने | स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६.१ | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | |

१८. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड २० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिमा भएको निर्णयबाट पूँजीगत तथा वितरण मुखी प्रकृतिका आर्थिक सहायतामा समेत विभिन्न शीर्षकमा रु.११३२३१६१।- खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१९. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित नगरपालिका कार्यालयमा २९ र वडा कार्यालयमा १८ गरी जम्मा ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना स्थायी कर्मचारीको पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२०. **न्यायीक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यस आर्थिक वर्षको मुद्दा दर्ता र फछ्र्यौटको अवस्था लेखमखरीक्षणको क्रममा माग गरिएकोमा प्राप्त नभएकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

२१. **स्थानीय तहको विभाज्य कोषः–** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लगायतका शुलक तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेको छैन् । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

२२. **विज्ञापन सूचना प्रकाशनमा संस्थागत छुटः-** गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सरकारी कार्यालय, संघ संस्थाले विज्ञापन तथा सूचना प्रकाशन गर्दा २५ प्रतिशत संस्थागत छुट दिने गरेको छ । नगरपालिकाले विभिन्न सूचना प्रकाशन गरे वापत निम्नानुसार भुक्तानी गर्दा रु. १५००००।- छुट नलिई पुरै भुक्तानी गरेको देखियो । नगरपालिकाबाट शिलबन्दि दरभाउपत्र, बोलपत्र तथा अन्य सार्वजनिक सूचना प्रकाशन गर्न विभिन्न प्रकाशनहरू बीच दर रेटमा प्रतिश्पर्धा गराई छुटलिई यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । २५ प्रतिशत छुट नलिई भुक्तानी गरेको रकम असुलउपर गर्नुपर्ने रु. १५००००

| गो.भौ.नं/मिति | ब.उ.शि.नं. | विवरण | फर्म | कर बाहेकको रकम | २५% ले हुने छुट |
|---|---|---|---|---|---|
| ४४-२०७६/७/२६ | न.पा. चालु | विज्ञापन प्रकाशन | महोत्तरी सासाहीक | ३०००० | ७५०० |
| ५५-२०७६/८/८ | | वोलपत्र सम्बन्धि सुचना प्रकाशन | एप्पल मिडिया एण्ड एडभरटाइजिङ्ग प्रा लि (६००२४२३७२) | ४२०००० | १०५००० |
| ५६-२०७६/८/८ | | डेंगु रोग सम्बन्धी सुचना प्रकाशन | जनकपुर टुडे (६०४२२९०७७) | ३०००० | ७५०० |
| ९-२०७६/८/५ | न.पा. पूँजीगत | गाडी खरिदको सूचना प्रकाशन | जनकपुर टुडे | १२८८२० | ३०००० |
| | | | | जम्मा | १५०००० |

**नगरपालिका चालु तर्फ**

२३. **तलबी प्रतिवेदनः-** कार्यालयको कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आ.व.को सुरुमै को.ले.नि.का. बाट र स्थानिय तहबाट तलबी प्रतिवेदन पारित गराएरमात्र खर्च लेख्नुपर्छ । नगरपालीका भित्र रहेको स्थानिय तहको र

| | | |
|---|---|---|
| | निजामती सेवाका कर्मचारीहरूको आ.व २०७६।७७ को तलबी पारित नगरई तलब भत्ता खर्च लेखेको देखियो । यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेकोमा तलबमान र ग्रेड रकम यकिन गर्न सकिएन । कार्यालयले तलबी प्रतिवेदन पारित गराई तलब भत्ता खर्चको प्रमाण पेश गर्नु पर्दछ । | |
| २४. | **दहत्तर बहत्तरः-** ६१-२०७६/८/१० नगरपालिका अन्तर्गत प्राकृतिक स्रोत, नदीजन्य पदार्थ, गिटी बालुवाको दहत्तर बहत्तर शुल्क संकलन गर्न ८ जना व्यक्तिहरूलाई दैनिक ज्यालादारीमा शुल्क संकलन कार्यमा खटाइ असोज र कात्तिक महिनामा दैनिक रु. ७०० का दरले जम्मा रु. ३०३८०० भुक्तानी गरेको छ । उक्त दस्तुर संकलन कार्यका लागि ७ जनाले नगदी रसिद बुझी दस्तुर संकलन गरेकोमा श्याम यादवले नगदी रसिद नबुझी दस्तुर संकलन कार्य नगरेतापनि असोज र कात्तिक महिनाको जम्मा रु. ४२,०००।- पारिश्रामिक बुझेको पाइयो । यसरी कामै नगरी मासिक पारिश्रमिक भुक्तानी गरेको असुल गर्नुपर्ने रु. | ४२००० |
| २५. | **बन्दाबन्दीको समयमा पारिश्रमिक भुक्तानीः-** कोभिड-१९ रोगको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकाले २०७६ चैत्र ११ देखि २०७७ जेष्ठ मसान्तसम्म देशव्यापी रुपमा लकडाउन गरेको थियो । यस नगरपालिकाको प्राकृतिक स्रोत, नदिजन्य पदार्थ, गिट्टी, बालुवाको दहत्तर बहत्तर शुल्क संकलन गर्न निम्न कर्मचारीलाई दैनिक ज्यालादारीमा पारिश्रमिक भुक्तानी गरेको छ । उक्त व्यक्तिहरूले बन्दाबन्दिको समयमा शुल्क संकलन गर्न प्रयोग गरेको नगदी रसिदमा २०७६ चैत्र २२ देखि २०७७ बैशाख २० सम्मको समयमा बन्दाबन्दीले गर्दा कुनै पनि नगदी रसिद नकाटेको तथा शुल्क संकलन नगरेको पाइयो । यसरी काम नगरेको समयमा ज्यालादारी भुक्तानी गरेको रु. ५५४४०।- सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | ५५४४० |

| क्र.सं. | नाम | भुक्तानी रकम | असुल | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमोद कुमार यादव | १४००० | १३८६० | चैत्र २३ देखि चैत्र ३१ सम्मको पारिश्रमिक भुक्तानी नगरेको । |
| २ | मोमताज अन्सारी | १४००० | १३८६० | |
| ३ | सुनिल कुमार महतो | १४००० | १३८६० | |
| ४ | बद्री यादव | १४००० | १३८६० | |
| | **जम्मा** | **५६०००** | **५५४४०** | |

| | | |
|---|---|---|
| २६. | **नर्म्सः-** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ तथा प्रदेश २ को प्रदेश खर्चको मापदण्ड २०७५ अनुसार नगरपालिका स्तरीय गोष्ठी सेमिनार सम्मेलन कार्यशाला तालिम अध्ययन जस्ता समारोह उदघाटन समापन खाजा सहभागीको खाजा वापत प्रति व्यक्ति प्रति दिन २०० को दरले खर्च लेख्न सकिने उल्लेख छ । मेलमिलाप कार्यकर्ता र वडा सचिवहरूको ५ दिने तालिम संचालन गरेबापत आनन्द नेपाललाई रु. ४९८३०० भुक्तानी गरेको छ । उक्त कार्यक्रम संचालन मा सहभागीहरूलाई दैनिक यातायात खर्च सहित खाजा वापत रु. २४५ र खाना वापत रु. २८० का दरले ७० जनाको ५ दिनको खाना खाजा बापत रु. ५२५ का दरले रु. १८३७५० खर्च लेखेको छ । यसरी नर्मस भन्दा बढी दैनिक खाजा खर्च लेखेको रु. ११३७५० सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | ११३७५० |
| २७. | **बहुक्षेत्रीय पोषण कार्यक्रमः-** ३३१-२०७७।२।२७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२१ र कार्यसंचालन निर्देशिका २०७५ मा एकै कार्यालयका पदाधिकारी तथा कर्मचारी बसेर गरिने बैठक र कार्यालय समयमा गरिने बैठक वापत भत्ता दिन नमिल्ने व्यवस्था छ । | |
| | (क) बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन गरी योगेन्द्र चौधरीले रु १४१८०० पेश्की फरछ्यौट गरेको छ । नगरपालिका स्तरी निर्देशक समितिको एकदिने बैठक भत्ता वापत नगर प्रमुख, उपप्रमुख, प्र.प्र.अ लगायत २६ जना पदाधिकारी तथा कर्मचारीहरूलाई रु. २५१५० भुक्तानी गरेको छ । एकै कार्यालयका पदाधिकारी कर्मचारी उपस्थित बैठकको भत्ता दिन नमिल्ने र स्थानीय तहका पदाधिकारीलाई बैठक भत्ता दिन नमिल्ने हुँदा जनही ८५० को दरले २५ जनाको २१२५० तथा एक जनाका का.स. को १२८ गरी जम्मा रू २१३७८ असुर हुनुपर्छ । बैठक भत्ता वापत रु. २१३७८ (कर कट्टी पछिको भुक्तानी) सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | २१३७८ |
| | (ख) नगरपालिकाका ९ वटा वडामा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकमा वडाध्यक्ष, वडा सदस्य, वडा सचिव, स्वास्थ्य संयोजक, सहसंयोजक लगायत सोही कार्यालयमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूलाई रु ५०० को दरले यातायात खर्च भुक्तानी गरेको छ । एकै कार्यालयका पदाधिकारी कर्मचारी उपस्थित बैठकमा सोही कार्यालयमा आए वापत यातायात खर्च दिन नमिल्ने हुँदा प्रत्येक वडाका वाड अध्यक्ष, ४ वडा सदस्य, १ वडा सचिव, स्वास्थ्य संयोजक, सह सयोजकलाई भुक्तानी भएको रु ३६००० सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | ३६००० |
| २८. | **२०-२०७६।७।३** खुल्ला दिशा मुक्त तथा पूर्ण खोप घोषणा कार्यक्रम अन्तर्गत यस नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा कार्यक्रम सन्चालन गरि स्वास्थ्य संयोजक मनोहर यादवलाई रु ४५१७५१ भुक्तानी गरेको छ । गुणस्तर अनुगमन कार्यक्रममा जि. स. स. अध्यक्ष सुरेश सिंह लगायत ८ जनालाई रू. ४००० को दरले स्वीकित | ३२००० |

भ्रमण आदेश तथा भ्रमण खर्चको बिल बेगर दैनिक भ्रमण भत्ता वापत रु ३२००० वितरण गरेको छ । यसरी भ्रमण खर्चको बिल तथा भ्रमण आदेश बेगर भुक्तानी भएको भ्रमण खर्च सम्बन्धित बाट असुल गर्नुपर्ने रू.

२९. **घर भाडा:-** ९-२०७६।६।१० कार्यालय प्रमुखको क्वाटरका लागि भनी बर्दिवास नगरपालिका वडा नं १ अन्तर्गत रुद्रबहादुर किङ्गरिङ्ग सँग मासिक रु. १३५०० को दरले मिति २०७६।५।५ देखि लागू हुनेगरी घरभाडामा लिने सम्झौता गरी २०७६ श्रावण र भदौको घर भाडा तथा विद्युत् पानी महसुल वापत रु. २९५०२ खर्च लेखेको छ । सम्झौता अनुसार घरधनीलाई भाद्र ५ गते देखिको घरभाडा तथा बिजुली महसुल भुक्तानी गर्नुपर्नेमा सम्झौता अवधि भन्दा पहिलेको घर भाडा भुक्तानी गरेको पाइयो । सम्झौता भन्दा पहिलेको श्रावणको घरभाडा विधुत महसुल वापत रु. १४३४० तथा भाद्र ४ दिनको रु. १८०० गरी जम्मा रु. १६१४० बढी भुक्तानी भएको छ । भंगहा नगरपालिकाको कार्यालय भंगहा बजारमा रहेको र कार्यालय प्रमुखको क्वाटर बर्दिवास नगरपालिकामा लिएको नियमसंगत नदेखिएको साथै सम्झौता बेगरको भुक्तानी भएको रु. १४७२५ (बाहाल कर बाहेक) सम्बन्धित बाट असुल गर्नुपर्ने रु. १४७२५

३०. **दैनिक भ्रमण भत्ता:-** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा स्वीकृत भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्नु नहुने व्यवस्था छ । कार्यालयका निम्न कर्मचारीहरूलाई नियमानुसार पाउने भ्रमण खर्च भन्दा रु. १९२०० बढी भुक्तानी भएको पाइयो । बढी भुक्तानी भएको सम्बन्धित बाट असुल गर्नुपर्ने रु. १९२००

| गो.भौ.नं./मिति | नाम | भ्रमण अवधि | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १२-२०७६/६/१३ | ले पा संजय कुमार अधिकारी | दुई वटा भ्रमण विल | २६१०० | १८००० | ८१०० | |
| ५८-२०७६/८/८ | शिक्षा संयोजक अरुण कुमार भुजेल | २०७६/७/७-७/८ | ३४०० | २५०० | ९०० | |
| ९६-२०७६/९/२५ | सु प्र अ लक्ष्मी राय | २०७६/९/७-९/१० | ६८०० | ० | ६८०० | स्वीकृत भ्रमण विल तथा हस्ताक्षर बेगर |
| १४५-२०७६/१०/१७ | अधिकृत वलि राम साह | २०७६/९/२८-१०/१ | ४४०० | ४००० | ४०० | |
| ३६४-२०७६/३/११ | प नि सु गौरी शंकर सिंह | २०७६/११/१९-११/२५ र २०७६/५/२५-५/२७ | २२२०० | १९२०० | ३००० | |
| | | | | जम्मा | १९२०० | |

३१. **अन्य कार्यालयको खर्च:-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागबाट रकमखर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयबाट प्राप्त अख्तियारीको सिमाभित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थीत अन्य कार्यालयका उदाहरण स्वरुप निम्नानुसार कार्यालयलाई रु. ८६३३९ भुक्तानी गरेकोले अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित नदेखिएको रु. ८६३३९

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २३-२०७६/७/१६ | प्रहरी कार्यालय सितापुरको विविध खर्च | १९५०० |
| ३९-२०७६/७/१२६ | सशस्त्र प्रहरी बल सितापुरको गाडी मर्मत | ९०२१ |
| ९६-२०७६/९/२५ | जिल्ला प्रशासन कार्यालय महोत्तरीको रंजीत कुमार यादवको भ्रमण खर्च | १६३०० |
| १५६-२०७६/१०/१९ | सशस्त्र प्रहरी बल सितापुरको गाडी मर्मत | २२५१८ |
| ४३९-२०७७/३/२७ | जिसस धनुषाका रंजीत कुमार यादव र जिल्ला प्रशासन कार्यालयका मिना पौडयालको भ्रमण खर्च | १९००० |
| | जम्मा | ८६३३९ |

३२. **फरक शिर्षकबाट भुक्तानी:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क मा खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शिर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी बजेट बाँडफाँडको अख्तियारी निर्देशनमा समेत प्रचलित ऐन, नियमको पालना गरि खर्च गर्न निर्देशन दिइएको छ । कार्यालयले निम्नानुसार खर्च लेख्दा शिर्षक फरक पारी खर्च लेखेको नियमसंगत नदेखिएको रु. ६६४३५०

| गो.भौ.नं./मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| ३०-२०७६/७/७ | वडा नं १ बर्दिबासमा असोज महिनाको घर भाडा | सवारी साधन तथा मेशिनरी औजार भाडा | घर भाडा | १३५०० |
| १८३- | विड डकुमेन्ट तयार गरेवापत इम्पेरियल | सवारी साधन मर्मत खर्च | सेवा र परामर्श | ५०८५० |

| | | | | |
|---|---|---|---|---|
| २०७६/११/५ | इन्जिनिरीङ्ग लाई भुक्तानी | | | |
| ११०-२०७६/९/२९ | वडा नं ८ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| १११-२०७६/९/२९ | वडा नं ५ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| १२४-२०७६/९/२९ | वडा नं ४ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| १२५-२०७६/९/२९ | वडा नं ३ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| २१७-२०७६/१२/२ | वडा नं ५ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| २३१-२०७६/१२/३ | वडा नं ७ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| ३०३-२०७७/२/१३ | वडा नं ६ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| ३०४-२०७६/२/१३ | वडा नं ८ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| ३०५-२०७६/२/१३ | वडा नं ३ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| ३०६-२०७६/२/१३ | वडा नं ४ को चिया खाजा खर्च | मसलन्द तथा कार्यालय सामाग्री | विविध | ६०००० |
| | | | जम्मा | ६६४३५० |

३३. **प्रतिलिपी विलः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा प्रयाप्त आधार र प्रमाण राखेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । भुक्तानी गर्दा पेश भएको सक्कल विलको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले निम्न आपुर्तिकर्ता, सेवा प्रदायकलाई सक्कल विल बेगर फोटोकपी विलको आधारमा रु. ११९४७६६ भुक्तानी गरेको छ । सक्कल विल तथा मू.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु. ११९४७६६

| गो.भौ.नं/मिति | फर्म | विल रकम | मू.अ.कर रकम |
|---|---|---|---|
| ८५-२०७६/९/१५ | हिमालयन एडभाईजर्स (१०१५४८१५५) लाई रु ५५००० भुक्तानी | ९६०५० | |
| ३८८-२०७७/३/१८ | स्पीड सोलुसन नेपाल प्रा लि (६०१८८५१७८) | १००००० | ११५०४ |
| ४२९-२०७७/३/२५ | श्रीया कन्सलटेन्सी प्रा लि (६००२७३१७८) | ९५२८१६ | १०९६१६ |
| ४४५-२०७७/३/३० | वेब सरफर नेपाल कम्यूनिकेसन सिस्टम प्रा लि (५००१७९४२४) | ४५९०० | |
| | जम्मा | ११९४७६६ | |

३४. **पारिश्रमिक करः-** आएकर ऐन, २०५८ को दफा ८ बमोजिम पारिश्रमिक गणना गरी दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तपसिल बमोजिमको कर्मचारीलाई भुक्तानी गरेको पारिश्रमिकमा रु २४८०६ घटी कर कट्टा गरेको देखियो । पारिश्रमिक कर असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु. २४८०६

| क्र.सं. | पद/दर्जा | कर्मचारीको नाम थर | कुल आय | पारिश्रमिक कर लाग्ने रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | रामचन्द्र लामगादे | ७१२५६०.५६ | ५८७४३८.६४ | १७४८७ |
| २ | ले.अ. | रामेश्वर घिमिरे | ६३५०९२.८ | ५२३१८३.२ | ७३१९ |
| | | | | जम्मा | २४८०६ |

३५. **विल भरपाई बेगरको भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकरी रकम खर्च लेख्दा खर्चको विल भरापाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस पालिकाले निम्न भुक्तानी गर्दा रु ८१००० को विल भरपाई बेगर खर्च लेखेको पाइयो । विल भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. ८१०००

| गो.भौ.नं/मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १४६-२०७६/१०/१७ | शैक्षिक भ्रमण विल वापत राधा कुमार श्रेष्ठलाई भुक्तानी | २०००० | विल भरपाई पेश नभएको |
| २३०-२०७६/१२/३ | सभा संचालन गरी सुरज साहले पेश्की फरछौट गरेकोमा वडा अध्यक्ष सहिमान नदाफले रकम बुझेको तर भरपाई नरहेको | १००० | |
| ९९-२०७६/९/२७ | नेपाल नगरपालिका संघलाई सदस्यता शुल्क भुक्तानी | ६०००० | विल पेश नभएको |
| | जम्मा | ८१००० | |

३६. **मू.अ.करमा दर्ता नभएको गैरसरकारी संस्थासंग कारोवारः** १४८-२०७६/१०/१९ सार्वजनीक खरीद नियमावली

| | | |
|---|---|---|
| | २०६४ को नियम १९ बमोजिम सार्वजनीक निकायले २० हजार रुपैया भन्दा बढीको खरीद कार्य गर्दा मूल्य अधिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । साथै नियमावलीको नियम ८२ बमोजीम पाँच लाख सम्मको परामर्श सेवा खरीद गर्नुपरेमा कम्तिमा तीन वटा प्रस्ताव प्राप्त गरी सवै भन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर मूल्य समेत एकीन गरी सोझै खरिद गर्न सकने व्यवस्था छ । पालिकाले न्यायीक समितको क्षमता अभिवृद्धी कार्यक्रमका लागि नियमावली विपरीत प्रस्ताव माग नगरी मू.अ.करमा दर्ता नभएको गैर सरकारी संस्था प्रयास महोत्तरी जलेश्वर-१ (२०२५५९१०५) संग सोझै परामर्श सेवा खरिद गरी रु. ४९७७७५ भुक्तानी गरेको छ । यसरी नियम विपरीत सोझै खरीद गरेको नियमसंगत नदेखिएको रु. | ४९७७७५ |
| ३७. | **गाडी सम्झौताः-** १५७-२०७६/१०/१९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता बेगर प्र.२.०३ ००१ च ०६३८ नम्बरको देव नारायण चौधरीको गाडी प्रयोग वापत रु. ४४००० खर्च लेखी रु. ३९६०० भुक्तानी गरेको छ । साथै उक्त गाडी प्रयोग भएको स्थान मिति लगायतका विवरण प्राप्त भएन । यसरी सम्झौता बेगरको भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ३९६०० |
| ३८. | **भरपाईः-** ३६३-२०७७/३/११ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । कोभिड-१९ को संक्रमण, नियन्त्रण तथा रोकथाम प्रयोजनका लागि नगरपालिकामा गठित द्रुत प्रतिकार्य समिति (RRT) को विभिन्न मितिमा बैठक बसी बैठक भत्ता वापत रु. ७३०००।- खर्च लेखी गौरी शंकर सिंहलाई रु. ६२०५०।- भुक्तानी गरेको छ । १० जनालाई भत्ता वितरण गरेकोमा संजिव पौडेल लगायत ६ जनाले रु. ४०८००।- रकम बुझेको भरपाई नरहेको पाईयो । भरपाई बेगरको भुक्तानी गौरी शंकर सिंहबाट असुल गर्नु पर्ने रु. | ४०८०० |
| ३९. | **योजना अनुगमन भत्ताः-** ४५२, ४५६-२०७७/३/३१ प्रदेश नं. २ बाट जारी पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार अनुगमन वापत रु. १०००।- का दरले सुविधा पाउने उल्लेख भएकोमा कार्यालयले मासिक रुपमा प्रतिवेदन लिनु पर्नेमा नलिई देहाय अनुसार रु. १६००।- का दरले देहायअनुसार भुक्तानी गरेकोले बढी भुक्तानी सम्बन्धीतबाट असुल गर्नु पर्ने रु. | ७७००० |

| क्र. सं | पद/नाम थर | अनुगमन दिन | दर | भुक्तानी दर | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | उप-प्रमुख गंगा देवी सिंह दनुवार | ३५ | १००० | १६०० | ५६००० | २१००० |
| २ | प्र.प्र.अ. रामचन्द्र लामगादे | ३५ | १००० | १६०० | ५६००० | २१००० |
| ३ | अधिकृत संजिव पौड्याल | ३५ | १००० | १६०० | ५६००० | २१००० |
| ४ | वडा नं. ५ का वडा अध्यक्ष शिव कुमार महतो | ३५ | १००० | १२०० | ४२००० | ७००० |
| ५ | का.पा.स. रिना भगत | ३५ | १००० | १२०० | ४२००० | ७००० |
| | | | | | जम्मा | ७७००० |

| | | |
|---|---|---|
| ४०. | **वचत तथा ऋण सहकारी संस्थालाई अनुदानः- ४७५-२०७७/३/३१** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । सितामाई कृषि सहकारी संस्थालाई डेस्कटप कम्प्यूटर प्रिन्टर लगायतका सामाग्री खरिद गरी एस.पि.एस. कम्प्यूटर इन्स्टिच्यूट एण्ड सर्भिस सेन्टरलाई भुक्तानी गरी रु. ४८४९९९।- खर्च लेखेको छ । यसरी नाफामूलक बचत तथा ऋण सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियमसंगत नदेखिएको रु. | ४८४९९९ |
| ४१. | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाका २३ जना स्थायी कर्मचारीहरूलाई २०७६ श्रावण देखी २०७७ अषाढ सम्म मासिक तलबको १० प्रतिशत हुन अउने रकम वापत जम्मा रु. ८२७९६५.४ प्रोत्साहन भत्ता वितरण गरेको छ । पालिकाले कानून नबनाई खाइपाई आएको तलबको १० प्रतिशत भुक्तानी गर्ने गरी निर्णय गरी खर्च लेखेको नियमसंगत नदेखिएको रु. | ८२७९६५ |
| ४२. | **ग्रामीण विद्युतीकरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद | |

नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । पालिकाले ग्रामीण विद्युतीकरण जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो । साथै जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरी प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउनु पर्दछ । नगरपालिकाले बिद्युतीकरण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । नगरपालिकाको नगरसभाबाट कृषि विधुतिकरण कार्यक्रम अन्तर्गत पालिकाले ८ वटा योजनाहरू उपभोक्ता समिति मार्फत रु. २७४५३६१०।- को लागत अनुमान तयार गरी रु.२५४०१०२०।- को कार्यसम्पन्न गरी जम्मा रु.२३८६३९००।- खर्च लेखि भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर विश्लेषण तयार नगरेकोले जिल्ला दररेटसँग भिडान गर्न सकिएन् । निर्माण कार्यको गुणस्तर र सम्पन्न भएको प्रमाण समेत नगरपालिका भन्दा बाहिरको प्राविधिकबाट गराएको र जडान स्थलको जानकारी हुन नसकेकोले स्थलगत निरीक्षण गर्न सकिएन । प्रतिस्पर्धात्मक कार्यका लागि ई बिडबाट ठेक्का व्यवस्थापन गर्नु पर्दछ । विधुत प्राधिकरणको ग्रामिण विधुतिकरण कार्यक्रमसँग जुधे नजुधेको समेत एकिन हुनु पर्दछ ।

| गो.भौ.नं./मिति | योजना | उपभोक्ता समिति | ल.ई. | कार्यसम्पन्न रकम | रकम/खर्च | भुक्तानी रकम | पोल जडान |
|---|---|---|---|---|---|---|---|
| ४५८-२०७७/३/३१ | वडा नं. ३ | कृषि विधुतिकरण भंगहा न.पा.-३ | ४२२२०२१.४१ | २९८८३१५ | २७२४०००| २५८९४२२ | १०२ |
| १२९-२०७७/१/२८ | वडा नं. ५ | कृषि विधुतिकरण भंगहा न.पा.-५ | ५२४३७५४.९९ | ५१९७०२६.७१ | ५०००००० | ४७३७२४६ | १५५ |
| २०४-२०७६/११/२२ | वडा नं. १ | कृषि विधुतिकरण भंगहा न.पा.-१ | २१२९२६३.१५ | १९७२५७२.६७ | १८४३३०० | १७४५५०४ | ६३ |
| ६०-२०७६/११/२२ | वडा नं. ९ | कृषि विधुतिकरण भंगहा न.पा.-९ | ६८१८०४०.५ | ६१३४९२४.५ | ५८१६८०० | ५५०४५९० | १९७ |
| ४६-२०७६/१०/२० | वडा नं. ५ | कृषि विधुतिकरण भंगहा न.पा.-५ | २१२९२६३.१५ | २०९७१०८ | १९६७८०० | १८६७६७६ | ६३ |
| १००-२०७७/१/२८ र १९०-२०७७/३/२५ | वडा नं. ६ | कृषि विधुतिकरण भंगहा न.पा.-६ | ५२४३७५४.९ | ५२५४८९८.११ | ४९१२००० | ४६५८३४१ | ११० |
| १९२-२०७७/३/२५ | वडा नं. ७ | कृषि विधुतिकरण भंगहा न.पा.-७ | ६४५२६३.४१ | ६४४५८३.२ | ६००००० | ५५५९३५ | २१ |
| २३१-२०७७/३/२१ | वडा नं. ४ | कृषि विधुतिकरण भंगहा न.पा.-४ प्रेमनगर | १०२२२४८.४६ | ११११५९१ | १०००००० | ९५७३१३ | १ ट्रान्सफर्मर |
| | | जम्मा | २७४५३६१० | २५४०१०२० | २३८६३९०० | २२६१६०२७ | |

४३. **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले ग्रामीण विद्युतीकरण कार्यका लागि निम्न उपभोक्ता समितिलाई रु ४५४७३.३ बढी भुक्तानी गरेको पाइयो । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ४५४७३

| गो भौ न | योजना | उपभोक्ता समिति | लागत अनुमान (कन्टिनजेन्सी सहित) | कार्यसम्पन्न रकम | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १२९-२०७६।१०।२ | कृषि विद्युतीकरण योजना | कृषि विद्युतीकरण उपभोक्ता समिति भंगाहा ५ | ५२४३७५५ | ५१९७०२६ | ५०००००० | ४९५४५२६ | ४५४७३ |

४४. **खानेपानी डिप ट्युबबेल जडानः-** १३१-२०७६/१०/२०, ३२८/२०७६/२/२७ खानेपानी डिप ट्युबबेल जडान कार्यका लागि खानेपानी डिप ट्युबबेल जडान उपभोक्ता समिति भंगहा १-९ सँग रु. ५२७७४९०.४० को लागत अनुमान तयार गरी २०७६/१२/३० भित्र कार्यसम्पन्न गर्ने सम्झौता गरी निर्माण कार्य गरेको, उक्त कार्यमा रु. ५२८७१६४.९२ को मिति नखुलेको कार्यसम्पन्न प्रतिवेदन पेश गरी रु. ४९९९९००।- खर्च लेखी भुक्तानी गरेको छ । चापाकल जडान, HDPE पाईप खरिद, वोरिङ्ग जडान कार्य जस्ता जटिल किसिमका प्राविधिक कामको रेट एनालाइसिश बेगर लागत अनुमान तयार गरेको पाइयो । लेखापरीक्षणको क्रममा पटक पटक ताकेता गर्दा समेत प्राविधिक कर्मचारी उपस्थित नहुनाले उपभोक्ताले पेश गरेको विल, जडान भएको सामानसँग मेजरमेण्ट किताब तथा

| | | |
|---|---|---|
| | जिल्ला दररेट भिडान गर्न सकिएन् । साथै पेश भएको सार्वजनिक परीक्षण फारममा उपभोक्ता समिति अध्यक्ष र सचिव बाहेक स्थानिय निकायका कर्मचारी, उपभोक्ता समितिका अन्य पदाधिकीहरूको हस्ताक्षर रहेको छैन् । यसरी आइटमको दर विश्लेषण, प्रयोग भएको सामान तथा नापी किताबमा उल्लेख भएका सामानको परिमाण तथा इस्पेशिफिकेसन भिडान गर्न नसक्नाले सम्झौता अनुसार बास्तविक काम भए नभएको एकिन गर्न सकिएन । सम्झौता अनुसार कार्य भए नभएको एकिन हुनु पर्दछ । | |
| ४५. | **३८१-२०७७/३/१६** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च पुष्टि हुने कागजात संलग्न राखी खर्च लेख्नु पर्दछ । यस पालिकामा दोस्रो नगरस्तरिय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता, २०७६ संचालन गरी संचालक समितिका पदाधिकारी तथा कर्मचारीले रु.१००० को दरले समिति भत्ता वापत रु.४७०००।- बुझेकोले त्यस्तो समितिको कार्यक्रममा बैठकभत्ताको व्यवस्था नरहेको, बैठकको समय नखुलाई सुविधाको रुपमा मात्र बैठकभत्ता लिएको नियमसंगत देखिदैन् । भत्ता बुझेको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | ३९९५० |

| **क्र.सं.** | **समितिहरूको नाम** | **दिन** | **जम्मा** | **कर कट्टी गरेपछीको असुल गर्नु पर्ने रकम रु.** |
|---|---|---|---|---|
| १ | श्री संजिव कुमार साह | १ | १००० | ८५० |
| २ | श्री रामचन्द्र लामगादे | १ | १००० | ८५० |
| ३ | श्री संजिव पौडेल | १ | १००० | ८५० |
| ४ | श्री योगेन्द्र चौधरी | १ | १००० | ८५० |
| ५ | श्री नर बहादुर पाखिन | ५ | ५००० | ४२५० |
| ६ | श्री अरुण कुमार भुजेल | ५ | ५००० | ४२५० |
| ७ | श्री अमरजित कुमार साह | ५ | ५००० | ४२५० |
| ८ | श्री शुशिल बछार | ५ | ५००० | ४२५० |
| ९ | श्री नन्द कुमार सिंह | ५ | ५००० | ४२५० |
| १० | श्री इन्द्रशेखर पंजियार | ५ | ५००० | ४२५० |
| ११ | श्री राम शंकर यादव | ५ | ५००० | ४२५० |
| १२ | श्री जितेन्द्र कुमार सिंह | ५ | ५००० | ४२५० |
| १३ | श्री मनोहर यादव | ३ | ३००० | २५५० |
| | | | **जम्मा** | **३९९५०** |

| | | |
|---|---|---|
| ४६. | **४५३-२०७७/३/३१** युनिसेफको प्राविधिक सहयोग र नगरपालिकाको आर्थिक सहयोगमा किशोरी शिक्षा कार्यक्रम संचालन गरी अरुण भूजेलको नामको रु. ३३८००० को पेश्की फछ्यौंट गरेको छ । ५ जना अनुगमनकर्तालाई रु. १५००० भुक्तानी गरेकोमा रु. २२५० कर कट्टा नगरेको तथा सुपरभाईजर र सहयोगी कार्यकर्ताहरूको तलव भुक्तानी गर्दा रु.१६८० सा.सु. कर कट्टा गरेकोमा बैंक दाखिला गरेको पाइएन । साथै व्यवस्थापन समिति बैठक शिर्षकमा खर्च लेखेकोमा रु. १००००।- को विल भरपाई पेश भएन । कर कट्टा तथा विल भरपाई वापतको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | १३९३० |
| ४७. | **आवास सुविधाः** प्रमुख प्रशासकीय अधिकृतलाई घरभाडाको सुविधा दिन मिल्ने कानूनी व्यवस्था विपरित बर्दिवास स्थित रुद्र बहादुर किडरिडको घरको ४ कोठा मासिक भाडामा लिई भाद्र महिना देखि आषाढसम्मको भाडा वापत रु.१५०४०३।— (विद्युत महशुल समेत) भुक्तानी गरी खर्च लेखेको देखियो । नगरपालिका क्षेत्र बाहिर कर्मचारीको लागि घरभाडामा लिई खर्च लेख्ने कार्यबाट नगरपालिकाको काम कारबाहिमा थप सहजता नहुने र व्ययभार मात्र बढने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । नगरपालिकाका कार्यालय प्रमुखलाई आवास सुविधा दिन मिल्ने व्यवस्था विपरित घरभाडा खर्च लेखेको अनियमित देखिएको रु. | १५०४०३ |
| ४८. | **अन्य सुविधाः** कार्यालय प्रमुखको भान्छेको रुपमा काम गर्न लक्ष्मण भुजेललाई दैनिक ज्यालादारीमा काममा लगाई दैनिक रु.५०० को दरले श्रावण देखि अषाढ सम्मको रु. १८२५०० भुक्तानी गरेको छ । प्रमुख प्रशासकीय अधिकृतको लागि भान्सेको सुविधा दिन मिल्ने कानूनी व्यवस्था नभएकोले यस प्रकारको व्ययभारमा नियन्त्रण गर्नु पर्दछ । कानूनी व्यवस्था विपरित भान्से राखी खर्च लेख्ने कार्य अनियमित देखिएको रु. | १८२५०० |
| ४९. | **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना खाजा लगायत विविधतर्फ विभिन्न रु. ९८२५८१।६९ खर्च गरेको छ । मापदण्ड बनाई यस प्रकारको व्ययभारमा नियन्त्रण गर्नु पर्दछ । | |
| ५०. | **सौझै खरीदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था | |

छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरूले निम्न वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु. ३६८९४५ को सोझै खरिद गरेको एवं दाखिला बेगर भुक्तानी गरेकोले प्रमाण पेश हुनुपर्ने रु. ३६८९४५

| गो.भौ.नं./मिति | विवरण | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|---|
| १३६-२०७६/१०/७ | ल्यापटप खरिद | कम्प्यूटर ग्यालरी प्रा.लि. | ९८८७५ | |
| ३८४-२०७७/३/१६ | जनचेतना मुलक सन्देशका सि.डि. २५ थान | भाइब्रेसन मिडिया प्रा. लि. (३०५०३३४०४) | १६९५०० | दाखिला बेगर |
| ४७८-२०७७/३/३१ | मोठ बाईन्डिङ्ग ३५३ थान रु. ५०० को दरले | न्यू आदर्श इन्टरप्राइजेज (६१२६३५२४७) | १९९४४५ | खरिद आदेश र दाखिला बेगर |
| | | जम्मा | ३६८९४५ | |

५१. **दाखिलाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाग्री खरिद पश्चात दाखिला प्रतिवेदन फारममा जि.खा.पा.नं. ५२ उल्लेख गरे तापनि जिन्सी कितावमा आम्दानी नबाँधेकोले जिन्सी दाखिला पेश गर्नु पर्ने गरी एकिकृत जिन्सी निरीक्षण प्रतिवेदनमा समेत समावेश गर्नु पर्ने रु. २१४३७०५

| गो.भौ.नं./मिति | विवरण | फर्म | रकम |
|---|---|---|---|
| २९-२०७६/७/७ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | प्रगती इन्टरप्राइजेज (६०८३५३५१३) | ४७५४७९.१४ |
| | | प्रगती जेनरल सप्लायर्स (६०८३३७४३१) | ४९५५०५ |
| ३७-२०७६/७/२२ | मसलन्द खरिद | पशुपति छापाखानाको दुइवटा विल | ३०९०० |
| ४१-२०७६/७/२६ | सम्पति विवरण लगायत मसलन्द तथा कार्यालय समाग्री खरिद | दिपेन्द्र पुस्तक भण्डारको ८ वटा विल | १५३८८० |
| ७१-२०७६/८/९ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | समिर ट्रेडर्स (३०३४४४५१) | ४९१६६३ |
| १०६-२०७६/९/२९ | मसलन्द खरिद | दिपेन्द्र पुस्तक भण्डारको ६ वटा विल | १२२४१० |
| १०७-२०७६/९/२९ | मसलन्द तथा कार्यालय समाग्री खरिद | विवेक जेनरल स्टोर्स क्षिरेश्वरनाथको ४ वटा विल | ७८१०० |
| १०८-२०७६/९/२९ | स्टिल दराज लगायत कार्यालय सामाग्री खरिद | दिपेश जेनरल सप्लायर्स (३०४९६८१६१) को २ वटा विलबाट सोझै खरिद | १९५४३३ |
| ३३६-२०७७/२/२७ | फ्यान लगायत इलेक्ट्रोनिक्स सामाग्री खरिद | आसर्शी ट्रेडर्स (३०४९६८१६१) | ४९१८५ |
| ४४९-२०७७/३/३१ | रजिष्टर लगायत मसलन्द खरिद | दिपेन्द्र पुस्तक भण्डार | ५११५० |
| | | जम्मा | २१४३७०५ |

५२. **इन्धन खर्चः-** कार्यालयले इन्धन खर्चलाई मितव्ययी बनाउन सुविधाको कुनै मापदण्ड बनाएको छैन । कार्यालयमा १ थान चारपाङ्ग्रे सवारी साधन बर्षभरी संचालन भएको र केही मोटरसाइकल रहेका छन् । तर कार्यालयले यो वर्ष इन्धन कार्यालय प्रयोजनतर्फ रु. १८५२४९९ र इन्धन अन्य प्रयोजन तर्फ रु. ४७०६९९ गरी रु. २३२३१६८ खर्च गरेको छ । पदाधिकारीको इन्धनतर्फ कोटा निर्धारण नगरी इन्धन दिएको देखिन्छ । भाडामा सवारी साधन लिने र त्यसको लागि इन्धन समेत दिँदा भाडा मार्फत सवारी परिचालन गरेको खर्च यथार्थपरक देखिएन ।

**पूँजिगत तर्फ**

५३. **अधुरो कार्यः-** सार्वजनिक निकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा पालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा यस कार्यालयले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिको मन्जुरीको आधारमा निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरूलाई वेवास्ता गरी आंशिक रुपमा योजना तयार गरेको र त्यसैलाई सम्पन्न देखाएको, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैहसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको,

भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी देहायका उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन ,मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| गो.भौ.नं./मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | सम्पन्न रु. | भूक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| ५-०७६/७/७ | जिवछी माई गढी मन्दिर निर्माण | जिवछी माई गढी मन्दिर निर्माण उ.स. | ३७३८०७.५६ | ३५०००० | कार्य सम्पन्न नभै भुक्तानी भएको, दर विश्लेषण नभएको, गत वर्षको योजना ,उपभोक्ता गठन, योजना संम्झौता भएको लागत सहभागिताको दर नखुलेको । |
| २-२०७६/७/६ | रामपृत प्रा.वि. पर्साल निर्माण | रामपृत प्रा.वि. पर्साल निर्माण उ.स. | ५३७५३७.४३ | ५००००० | |
| ६-२०७६/७/२८ | उच्च मा.वि. भंगहा खेलकुद मैदान मर्मत संभार | उच्च मा.वि. भंगहा खेलकुद मैदान मर्मत संभार उ.स. | ६८५५८०.४५ | ६००००० | कार्य सम्पन्न नभै भुक्तानी भएको,दर विश्लेषण नभएको, गत वर्षको योजनाको भुक्तानी गर्दा म.ले.प.फा.नं. १८ प्रमाणित नभएको, उपभोक्ता समिति गठन, योजना र भए तापनि संम्झौतामा लागत सहभागिता दर नखुलेको, २०७५/७६ को योजना, माटो खन्ने कार्य सबै मानिसले गरेको उल्लेख गरी रकम भुक्तानी भएको । |

५४. **उपभोक्ता समितिको परिचालनः-** स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन गर्न नगरपालिकाले २०७५ सालमा कार्यविधि जारी गरेको छ । जसअनुसार देखेका व्यहोरा निम्न छनः-

क) उपभोक्ता समिति गठन गर्दा गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय तेस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगाबै सार्वजनिक गर्नुपर्नेमा आंशिक रुपमा गरेको छ ।

ख) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन।

ग) उपभोक्ता समितिमार्फत आयोजना कार्यान्वयन गर्दा आयोजनाको ड्रोइङ, डिजाइन र लागत अनुमान नेपाली भाषामा तयार गरी उपभोक्ता समितिलाई उपलब्ध गराएको छैन् । कतिपय अवस्थामा उपभोक्ता समितिले निर्माण व्यावसायी मार्फत कार्य गराएको, हेभि साधनको प्रयोग गरेको कारण माथि उल्लेखित आधार र कारणबाट उपभोक्ता समितिमार्फत भएको निर्माण कार्य गुणस्तरिय छ, लागत प्रवाही छ, पारदर्शिता छ भन्न सकिने आधार देखिएन ।

घ) आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

ङ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । साथै सार्वजनिक खरिद नियमावलीको प्रतिकुल समयमा काम नगर्ने उपभोक्ता समितिको म्यादथप गरेको छ ।

च) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

छ) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्याबस्था रहेता पनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरेको छैन् ।

ज) रु. तीन लाख भन्दा बढी लागत भएका आयोजनाको अनुसूचि ५ बमोजिमको ढाँचामा सूचनापाटी आयोजना स्थलमा राखुपर्ने व्यवस्था भएपनि फिल्डमा निरीक्षण गर्दा सूचनापाटी नदेखिएको तर सूचनापाटीको लागि लागत अनुमानमा रकम उल्लेख गरी राख्ने गरेको कारण थप व्ययभार सिर्जना भएको तर पारदर्शिता प्रवर्धन भएको देखिएन ।

झ) उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समितिमा निर्माण गर्ने कार्य भएको छैन् ।

ञ) उपभोक्ता समितिलाई कुनै पनि आयोजना हस्तान्तरण नभएको र उपभोक्ता समिति आफैंले मर्मत गरेको देखिएन ।

| | | |
|---|---|---|
| ५५. | **महुवा सामुदायिक भवन निर्माणः-** ८९-०७७/१/१२ वडा नम्बर ३ महुवा सामुदायिक भवन निर्माण बापत उपभोक्तालाई रु. ५८१६००।- भुक्तानी गर्दा ठेक्का बिल र नापी किताबमा जग खनेको, टाई विम बाँधी पिलर राखेको भाग अवस्थामा काठको कार्य सम्पन्न भएको भनि चौखटको ०.३१९ घन मिटरको काठको रु. २८००९.१६ भुक्तानी भएको छ । यसरी Slab निर्माण नभई पिलर मात्र राखेको अवस्थामा चौखटको कार्य भएको छ भन्ने आधार नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. | २८००९ |
| ५६. | **३-२०७७/७/७** भंगहा नगरपालिका अन्तर्गतका उच्च माध्यमिक विद्यालयको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई गत वर्ष तालिम दिएको भनी रु. २५००००।- सम्बल मिडियालाई भुक्तानी गरेको छ । सम्झौतामा कार्यादेश मिति नखुलेको, भुक्तानी पाउनु पर्ने भनी गत वर्ष नै निवेदन दिएपनि भुक्तानी नभएको कारण नखुलेको, गत वर्षको भुक्तानी दिएको र पूँजिगत खर्चबाट चालू प्रकृतिको कार्यक्रम संचालन गरेको मनासिव देखिएन । | |
| ५७. | **७-२०७६/८/५** पूँजिगत खर्च गर्दा प्रतिफल प्राप्त हुने र पूँजिगत निर्माण हुने कार्यमा खर्च गर्नुपर्नेमा पूँजिगत खर्चबाट दुर्गा मन्दिर व्यवस्थापन समितिलाई पुजाको विल भनी विभिन्न विलको आधारमा रु. १ लाख भुक्तानी गरेको मनासिव देखिएन । | |
| ५८. | **जिन्सी दाखिला नभई सामानको भुक्तानी** :-१२-२०७६/८/९ विभिन्न १२ प्रकारका स्वास्थ्य सामाग्रि भनी स्वास्थ्य सहसंयोजक मनोहर यादवलाई जिन्सी दाखिला वेगर रु. २६९९५।- शोधभर्ना भुक्तानी दिएकोले जिन्सी दाखिला एंव खर्च भएको विवरण पेश गर्नुपर्ने रु. | २६९९५ |
| ५९. | **१८-२०७६/९/८** २०७६ सालको सितलहरको अवस्थामा दाउरा खरिद गरेको भनी गढन्ता वन परियोजनालाई रु. २७००००।- भुक्तानी भएको छ । दाउराको परिमाण उल्लेख नगरी उक्त बन परियोजनाले विक्री गरेको विजक/विल बेगर भुक्तानी गरेको र वितरण भएको परिमाण र स्थान खुलेको प्रमाण पेश नभएकोले वितरण भएको परिमाण खुलेको प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु. | २७०००० |
| ६०. | **२४-२०७६/९/२५** सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६४ मा २० लाखभन्दा बढीको खरिद बोलपत्र मार्फत महिन्द्रा स्कोरपियो S5 4WD जिप मू.अ.कर समेत रु. ५५८५०००।- मा खरिद गरेको भनी अग्नी इन्कर्पोरेटेडलाई भुक्तानी गरेकोमा खरिद सम्बन्धी कागजात स्रेस्ता साथ पेश नगरेकोले सो पेश गर्नु पर्ने रु. ५५८५००० साथै भौ.नं. ३८-२०७६/१०/७ बाट स्कोरपियो डेकेरेशन चार्ज वापत स्तुपा अटो स्टेशन कूलेश्वरलाई रु. २५४९८२।- भुक्तानी गरेको छ । उक्त रकम समेत समावेश गरी गाडीको मूल्य कायम गरी जिन्सी आम्दानी बाँध्नु पर्नेमा नबाँधेकोले खरिदविधि जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ५८३९९८२ |
| ६१. | **९०-२०७७/१/१२** वडा नम्बर ५ मा २० थान हेन्ड पाईप निर्माण बापत उपभोक्ता समितिलाई रु. पाँच लाख भुक्तानी गरेको छ । नापी किताबमा १८ सेट पाईप जडान भएको उल्लेख गरे तापनि निजी वा सार्वजनिक प्रयोजन खुलाई सम्वन्धित ब्याक्तिले बुझेको नदेखिएकोले औषत लागत प्रतिथान रु. २५ हजारले दुई थान को रु. ५० हजार असुल गर्ने र उपयुक्त १८ सेट बुझेको प्रमाण पेश गर्नुपर्ने समेत रु. | ५००००० |
| ६२. | **आर्थिक सहायताः-** २३-२०७६/९/२५ पूँजिगत खर्च शिर्षकबाट नेपाल रेडक्रस सोसाइटी, बर्दिवास शाखाको भवन निर्माणको लागि आर्थिक सहायता स्वरुप रु.१०००००।- अनुदान दिएको मनासिव देखिएन । भंगहा नगरपालिकाले विभिन्न व्यक्तिलाई पटके निवेदनको आधारमा यो वर्ष रु. ३५८०००।- आर्थिक सहायता दिएको छ । आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी खर्च गर्नुपर्ने देखिएको छ । | |
| ६३. | **चर्च निर्माण** :-२३८-२०७७/३/३१ सार्वजनिक खर्च गर्दा कुनै व्यक्तिलाई लाभ पुग्ने र सरकारको अपव्यय हुने कार्यमा खर्च गर्न मिल्दैन कार्यालयले जिवनदाता चर्च सेन्टर भवन निर्माण भनी एक तले भवनको बाहिरबाट भऱ्याङ बनाएको भनी नन्द किशोर चौधरी अध्यक्ष रहेको उपभोक्ता समितिलाई रु. ५ लाख खर्च लेखी रु. ४७२५२०।- भुक्तानी दिएको छ । उक्त जग्गा व्यक्तिको नाममा रहेको बुझिन आएकोले व्यक्तिगत जग्गा भए नभएको एकिन गर्नुपर्दछ । व्यक्तिगत जग्गामा सार्वजनिक खर्च गर्न नमिल्ने हुँदा यस सम्बन्धमा एकिन गरी उक्त घर भएको स्थान चर्चको नाममा नामसारी भएको प्रमाण पेश नभएमा असुल गर्नुपर्ने रु. | ४७२५२० |
| ६४. | **न्यून दरमा लागत सहभागिताः-** प्रदेश नं. २ बाट जारी भएको उपभोक्ता समितिको परिचालन सम्बन्धी निर्देशिका अनुसार निर्माण कार्यमा १० प्रतिशत लागत सहभागिता माग गर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहाय अनुसारका कार्य गराउँदा निम्न बमोजिम घटी सहभागिता स्वीकार गरेकोले रु. ५३११४५।- थप व्ययभार पर्न गएको छ । यसरी थप व्ययभार परेको रकम सम्बन्धमा यकिन हुनु पर्ने रु. | ५३११४५ |

| गो.भौ.नं./मिति | योजनाको नाम | उपभोक्ता समितिको अध्यक्षको नाम | कार्यसम्पन्न रकम | उपभोक्ता समितिको योगदान रु | उपभोक्ताको लागत अंश प्रतिशत |
|---|---|---|---|---|---|
| ७८-२०७६/१२/६ | भंगहा ६ मा झपौल सडकमा पि.सि.सि. ढलान | राम स्नेही चमार | २६१२०४३ | ११७०६६ | ४.४८% |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९-२०७६/१२/६ | वडा नं. ४ हिरालाल महतोको घरदेखी दक्षिण सडकमा RCC नाला निर्माण | गंगाराम महतो कोइरी | ४१५४९९७.३३ | २०१५१७.३७ | ४.८५% |
| १४३-२०७७/३/१२ | वडा नं. ६ हतिर्सवा सडक PCC ढलान | बेचु राय | २१२५५८५.६३ | १२५५८५.०३ | ५.९६% |
| ११२-२०७७/२/११ | वडा नं. ८ सकुर कवारीको घरदेखी परिक्रमा सडकसम्म पि.सि.सि. ढलान | कादिर राईन | १६८२१६५.७० | ८२१६५.७० | ४.८८% |
| | | जम्मा | १०५७४७९१.६६ | ५२६३३४.१ | |

६५. **उपभोक्तासँग अनुपातिक कट्टी घटीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिसंग भएको सम्झौता भन्दा कम काम सम्पन्न भई रनिङ बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुपातमा स्थानीय तहको अनुदान रकम कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार निर्माण कार्यमा सम्झौता भन्दा घटी कार्य भएकोमा घटी कार्यको अनुपातमा अनुदान रु.१२४०४२ कट्टा नगरी बढी भुक्तानी गरेको देखियो । सम्झौता भन्दा निर्माण कार्य घटी भएकोमा अनुपातिक कट्टी नगरी बढी भुक्तानी गरेको असुलउपर गर्नुपर्ने रु. १२४०४२

| गो.भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान/सम्झौता रकम रु. | उपभोक्ता समितिको योगदान | जनसहभागिताको दर | सम्पन्न रकम | जनसहभागिताको अंश | घटी अनुपातले हिसाव गर्दा हुने रु. |
|---|---|---|---|---|---|---|---|
| ३५-२०७६/१०/२ | भंगाहा ५ सितापुरमा पि.सि.सि सडक ढलान | २२०८१८५.४६ | २०८१८५.४६ | ९.४२७% | २१६९७०८ | १६९७०८ | ३४८३०.३७ |
| ७५-२०७६/१२/५ | वडा नं. १ राम जी साहको घरदेखि छड्कीसम्म अधुरो पि.सि.सि.ढलान | १५७२९१४.८१ | १७२९१४.८१ | १०.९९% | १२३७८०५.४३ | ६००३३.५६ | ७६००१.२६ |
| २२६-२०७७/३/३१ | वडा नं. १ कोरिया टोलमा अधुरो सामुदायिक भवन निर्माण | ६५००१०.९२ | ५००१०.९२ | ७.६९% | ४९११२५.२८ | २४५५६.२६ | १३२११.२७ |
| | | | | | | जम्मा | १२४०४२.९ |

६६. **माटोमा बढी मूल्यांकन गरेकोः- ३६-०७६/१०/२०** भंगहा नगरपालिका वडा नं. ८ अनारवन स्कूलको कम्पाउण्डमा माटो पुर्ने कार्यको लागि रु. ५ लाख भुक्तानी हुँदा भुक्तानी अनुसार माटोको परिमाण प्रति घनमिटर रु. ५९३.५१ का दरले ९६४.३ घन मिटर ल्याएको देखिएता पनि भरपाई अनुसार ट्याक्टरको भाडा घटाई हिसाव गर्दा समेत २०० ट्याक्टर ल्याएकोले प्रति ट्याक्टर २.६२ घन मिटरका दरले हिसाव गर्दा हुन आउने ५२४ घन मिटर माटो ल्याएको देखिएकोले खरिद परीमाण भन्दा बढी मुल्यांकन गरेको रकम मनासिव देखिएन ।

६७. **१७१-२०७७/३/२२** वर्षको अन्तमा २४ थान ह्युम पाईप खरिद बापत मोडल ह्युमपाईप एण्ड कंक्रिट पोल्स इन्डष्ट्रिज, महेन्द्रनगर धनुषा (६०४१२९३४७) लाई रु. ४९२४९९.२ भुक्तानी गरेकोमा ति ह्युम पाईप कहाँ के कुन स्थानमा रहेको छ । अथवा प्रयोग भएको छ नभी नखुलेकोले जिन्सी मौज्दात वा प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु. ४९२४९९

६८. **हेभी इक्विपमेण्टको प्रयोग गरी १ करोडभन्दा बढीको निर्माणकार्य उपभोक्ता समितिमार्फत गराएकोः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । त्यसै गरी नियम ९७(१क) विपरित १ करोडभन्दा बढी रकम लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता मार्फत गराउन नपाउनेमा कार्यालयले देहायको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएको छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । निम्नानुसार पाउनेभन्दा बढी रकम उपभोक्ताबाट निर्माण गराएको नियमित नदेखिएको रु. २४९७३४३०

| गो.भौ.नं./मिति | योजनाको नाम | उपभोक्ता समितिको अध्यक्षको | लागत अनुमान ओभर हेड, कन्टिन्जेन्सी र मू.अ.कर बाहेक | ओभरहेड, ३% कन्टिन्जेन्सी र मू.अ.कर रकम जोड्दा | यो वर्षको भूक्तानी रु. |
|---|---|---|---|---|---|

| | | नाम | | हुने लागन अनुमान | |
|---|---|---|---|---|---|
| ३२-२०७६/१०/२ | भंगहा ३ भुटाई ठाकुरको घरदेखि दक्षिण नाला र सडक पि.सि.सि. ढलान | उसमान मिया | ८५७६६०६.६५ | ११४७९६५९.३५ | ३२५०००० |
| ५५-२०७६/११/८ | | | ८५७६६०६.६५ | ११४७९६५९.३५ | ४७५०००० |
| ४०-२०७६/१०/१९ | रामकेबल ठाकुरको घरदेखि उत्तर सडकमा आर.सि.सि. नाला निर्माण | लटु ठाकुर | ८८४१४६६ | ११८३४१६९.६२ | ३२५२००० |
| ६४-२०७६/११/२३ | | | ८८४१४६६ | ११८३४१६९.६२ | ४२४०८०० |
| १८५-२०७७/३/२४ | मझौलिया टोल नयाँ र पुरानो सडक निर्माण वडा नं. ८ | दिपेन्द्र प्रसाद सिंह | ९४४७८६५.२५ | १२६४५८२६ | ९४८०६३० |
| | | | | जम्मा | २४९७३४३० |

६९. **Form Work मा मूल्य अभिवृद्धी करः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर, कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेमा निम्न फर्मको काममा मूल्य अभिवृद्धी कर भुक्तानी दिएको तर उपभोक्ताले कर विजक समेत पेश नगरेकोले देहायको रकम असुल गर्नु पर्ने रु. ४६०५६२

| गो.भौ.नं./मिति | योजनाको नाम | Form Work को परीमाण ($M^2$) | प्रति वर्ग मिटरमा मू.अ.कर रु. | जम्मा मू.अ.कर रु. |
|---|---|---|---|---|
| ४०-२०७६/१०/१९ | वडा नं. ४ राम केवल ठाकुरको घरदेखि उत्तर सडक आर.सि.सि. नाला | ११०४.२२ | ६३.८८ | ७०५३७.५७ |
| ३४-२०७६/११/२३ | वडा नं. ४ रामकेवल ठाकुर देखि उत्तर सडक | २३७९ | ६३.८८ | १५१९७०.५२ |
| ७९-२०७६/१२/६ | वडा नं. ४ हिरालाल महतोको घरदेखि दक्षिण सडकमा आर.सि.सि. नाला निर्माण | १३३९ | ६३.८८ | ८५४२८.२ |
| ९६-२०७७/१/२६ | वडा नं. ४ मा हिरालाल महतोको घरदेखि दक्षिण सडक पि.सि.सि. | २३८९.२७ | ६३.८८ | १५२६२६.५६ |
| | | | जम्मा | ४६०५६२.८५ |

७०. **उपभोक्ताले निर्माण व्यवसायी मार्फत निर्माण कार्य गराएकोः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । कार्यालयले जटिल एवं प्राविधिक प्रकृतिका निर्माण कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ताले निर्माण व्यवसायी मार्फत कार्य गराएको देहाय अनुसारको भुक्तानी मनासिव देखिएन ।

| गो.भौ.नं./मिति | योजनाको नाम | उपभोक्ता समितिको अध्यक्षको नाम | कार्य सम्पन्न रकम रु. | निर्माण व्यवसायीको नाम र विल रकम रु. |
|---|---|---|---|---|
| ६०-२०७६/११/२२ | भंगहा ९ मा कृषि विधुतिकरण | तनेप्वर साह | ५९३९९२४.५८ | नन्दनी कन्स्ट्रक्सन (६०७५४३२७२) रु. ४२७७४००.३० |
| ७१-२०७६/१२/४ | भंगहा ७ नयाँ कृषि सडक मेघरौल मझौलिया गोरहन्ना करुणा सडक | सुनिल कुमार सिंह | ७०२०२९.६२ | साई बाबा निर्माण सेवा (६०५६१७७०६) पूर्ण रुपमा HE बाट कार्य डोर हाजिरको विल रु. ७७००० |

७१. **लिड बढी दिएकोः** -नगरपालिका अन्तर्गत वडा नं. ५ र ६ को बीचबाट सानो रातो भुताहा खोला र ठूलो रातो खोला समेतबाट नियमित रुपमा गिट्टी बालुवा बिक्रीबाट राजश्व असुल गरेको छ । दुरीको हिसावले बढीमा ५-६ किलोमिटर भित्र बालुवा गिट्टी पाइने अवस्थामा समेत अधिक लिड दिएको कारण लागतमा देहाय अनुसार फरक परेको छ । कार्यालयले यसरि दिएको लिडको कारणले थप व्ययभार परेको सम्बन्धमा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई २८४६६६३

छानविन गरी एकिन गरी असुल गर्नु पर्ने देखिएको रु.

| गो.भौ.नं./मिति | योजनाको नाम | क्रियाकलाप | परिमाण | अन्य स्थानको ५ कि.मि. को लिड दर | यस कार्यको दर | बढी दर | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| ४३-२०७६/१०/२० | वडा नं. १ पश्चिमतर्फ कबिलासमा सडक ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १३७.७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ८४१२४ |
| ४७-२०७६/१०/२८ | अजगेवा उत्तरबाटी टोल सडक पि.सि.सि. निर्माण वडा नं. ९ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १०१.०२ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ६१७१५ |
| ५०-२०७६/११/१ | वडा नं. ८ रामचन्द्र भण्डारीको घरदेखि बगदा सिमासम्म ग्राभेल | २५ कि.मि. बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ४७०.६९५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | २८७५५७ |
| ५१-२०७६/११/१ | वडा नं. ८ अनारवन गल्ली सबै सडक PCC ढलान | १५ कि.मि. बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १०५.११ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ६४२१४ |
| ५२-२०७६/११/१ | वडा नं. ६ जमुनिया सडक पि.सि.सि. | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १२९.७६ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ७९२७३ |
| ५७-२०७६/११/१२ | अधुरो अजगैवा सडक पि.सि.सि. | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १५७.६७६ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ९६३२८ |
| ५९-२०७६/११/२२ | अजगेवा दक्षिणबारी चमार टोल सडक | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ७७.३३ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ४७२४३ |
| ७२-२०७६/१२/५ | भंगहा ९ मनोज यादवको घरदेखि नागेन यादवको घरसम्म पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | २४.९४ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १५२३७ |
| ७३-२०७६/१२/५ | वडा नं. ९ रामपृतको घरदेखि सन्तोष साहको घरसम्म पस.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | २६.३४ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १६०९२ |
| ७८-२०७६/१२/६ | वडा नं. ६ झपौल सडकमा पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १६४.०० | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १००१९१ |
| ९२-२०७७/१/१८ | दोस्तिमा अधुरो सडक पि.सि.सि. ढलान न.पा. १ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १४३.१ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ८७४२३ |
| ९५-२०७७/१/१८ | वडा नं. ९ भंगहाको शंकर यादवको घरदेखि पश्चिम गल्ली सडक | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ५२.३६ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ३१९८८ |
| ९६-२०७७/१/२६ | पक्की नाला भंगहा ४ हिरालाल महतोको खेत देखि दक्षिण | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ९९८.१५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ६०९७९० |
| ९७-२०७७/१/२६ | संग्रामपुर पछिमारी टोल सडक PCC ढलान वडा नं. ६ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | २०५.९७५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १२५८३५ |
| १०४-२०७७/२/६ | बृजैनटोल मजरा सडक पि.सि.सि. ढलान वडा नं. ६ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १२५.३९ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ७६६०४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०७-२०७७/२/११ | भंगहा वडा नं. १ रसिलाल साहको घरदेखि पश्चिम वडा कार्यालय सम्म PCC ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १०६.२२५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ६४८९५ | |
| | १०८-२०७७/२/११ | वडा नं. २ कापर टोलमा पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ३६.०६५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | २२०३३ | |
| | १२९-२०७७/३/३ | वडा नं. ९ अजगेवा बतरहिटोल पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ७१.४४७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ४३६४९ | |
| | २२३-२०७७/३/३१ | वडा नं. ७ मेधरौल सडकमा पि.सि.सि. गर्ने कार्य | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ३२१.८० | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १९६५९५ | |
| | २२९-२०७७/३/३१ | वडा नं. ६ संग्रामपुर पूर्वारीटोल पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १४०.३९ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ८५७६८ | |
| | २१२-२०७७/३/३० | वडा नं. ८ मा कुर कवारीको घरदेखि नजमुदन को घर हुँदै परक्रमा सडक | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ५४.४ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ३३२३५ | |
| | १९८-२०७७/३/२५ | वडा नं. ७ करुणा सडक पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ११२.४७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ६८७११ | |
| | १९४-२०७७/३/२५ | वडा नं. ८ राजनारायण साहको घरदेखि सरिफ राइनको घर हुँदै छटु यादवको घरसम्म सडक ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ८३.२४ | १२१४.८९ | २०२९.४१ | ८१४.४२ | ६७७९३ | |
| | १८९-२०७७/३/२५ | डोम्बाको घरदेखि माकुन यादव, सुवोध यादवको घरसम्म पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ११५.५१ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ७०५६८ | |
| | १६४-२०७७/३/१९ | परिक्रमा सडक हविव नएफको घरदेखि सस्दिज सम्मको सडक पि.सि.सि. | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ७२.३७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ४४२१३ | |
| | १५१-२०७७/३/१७ | सिङग्याही ७ र ८ मा पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १९३.२७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ११८०७३ | |
| | १४३-२०७७/३/१२ | वडा नं. ६ हतिसर्वा सडक PCC ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | २१६.२४ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | १३२१०६ | |
| | १४१-२०७७/३/११ | वडा नं. १ छटु महतोको घरदेखी जामुन महतोको घरसम्म पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ८०.४० | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ४९११८ | |
| | ११९-२०७७/२/२७ | वडा नं. ६ सडक पि.सि.सि. ढलान | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ४५.४७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | २७७७९ | |
| | १११-२०७७/२/११ | भंगहा ८ परिक्रमा सडक हविव नदाफको घरदेखि मश्जिद सम्मको सडक निर्माण | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ६३.०४ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ३८५१३ | |
| | | | | | | | जम्मा | २८४६६६३ | |

७२. **अधुरो निर्माण कार्यः-** सार्वजनिक निकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा पालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा यस कार्यालयले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिगत जग्गामा समेत व्यक्तिको मन्जुरीको आधारमा, निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरूलाई वेवास्ता गरी आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैहसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी देहायका उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन ,मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| गो.भौ.नं./मिति | योजनाको नाम | ल.ई. | सम्पन्न रु. | कैफियत |
|---|---|---|---|---|
| १०१-२०७७/१/२८ | सिद्दपुर मुसहरी सामुदायिक भवन | १११३९०७.६८ | ११२१४९९.८५ | झ्याल ढोका, इलेक्ट्रिफिकेशन, पलम्बिङ, कलरिङ्गको कार्य बाँकी । |
| १०२-२०७७/१/२९ | वडा नं. ५ मा उ.मा.वि. अधुरो भवन निर्माण कार्य | १५२९८६१.६२ | १५३१२०४.२५ | जग खन्ने पिलर उठाउने र स्ल्याव दलानको कार्य पहिले भएको र इलेक्ट्रिफिकेशन, पलम्बिङको काम बाँकी राखि अन्य कार्य सम्पन्न । |
| १०३-२०७७/१/२९ | वडा नं. ४ मा पलार टोल सामुदायिक भवन निर्माण | १११३९०७.६८ | ११२२२७२.९४ | झ्याल ढोका, इलेक्ट्रिफिकेशन, पलम्बिङ, कलरिङ्गको कार्य बाँकी । |
| २२२-२०७७/३/३१ | मझौलिया वडा नं. ७ मा अधुरो सामुदायिक भवन निर्माण | ४२२७०५.५ | ४२१००६.५२ | इटाको कार्य, प्लाष्टर, काठको चौलस र फ्लोरिङको मात्र कार्यको ल.ई. र सम्पन्न देखाई अन्य कार्य कसले, कहिले गरेको एकिन नभएको, साविकको मेजरमेन्ट वेगरको कार्य । |
| २०८-२०७७/३/२८ | भंगहा ८ पडरियामा सामुदायिक भवन निर्माण | | ७१४०२४.१८ | जग खन्ने पिलर उठाउने, गाह्रो लगाउने र चौखट राख्ने कार्य गरी अन्य कार्यको ल.ई. समेत तयार नभएको । |
| १९६-२०७७/३/२५ | वडा नं. ६ मा मजरा अधुरो शिव मन्दिर निर्माण | ७५५६५७.१४ | ७५५१९७.५९ | भुईमा पि.सि.सि. दोस्रो डोममा ढलान, प्लाष्टर, टायल लगाउने, पेन्ट र विधुतिकरण गर्ने कार्य वापत लागत अनुमान र सम्पन्न देखाएको तर डि.पि.सि. सम्मको कार्यको नापी नभएको । |
| १७२-२०७७/३/२२ | वडा नं. ३ मा पिपरा मस्दिज ढलान | | ४२०३९४.८८ | जग खन्ने पिलर बनाउने र चौखट राख्ने कार्यको मात्र ल.ई. र सम्पन्न । |
| १६७-२०७७/३/२१ | भंगहा १ मा अधुरो सहलेस मन्दिर निर्माण वापत भुक्तानी | ५५०१९० | ५५४२७३.८१ | जग मुनी पि.सि.सि., इटाको कार्य फ्लोरिङको कार्य मात्र रहेको अन्य कार्य नभएको । |
| ११८-२०७७/२/२७ | भंगहा १ बर्बनाटोल अधुरो सामुदायिक भवन निर्माण | ६३०४०६.३५ | ६४२८७२.७८ | RCC पिल्लर बनाउने, गारो लगाउने र चैखट राख्ने कार्यको मात्र लागत अनुमान र सम्पन्न देखाएको जग खनेको कार्य नदेखाएको र स्लाप ढलान र त्यस पछीका कार्यहरू खुलाई एकिकृत लागत अनुमान नगरेको, नापि किताव नराखेको । |

७३. **उपभोक्तासँग सम्झौता अवधी पालना नभएकोः-** २१४-२०७७/३/३० वडा नं. २ सिंगयाही सडकमा पि.सि.सि. ढलान गर्ने कार्यमा लागि राम कुमार यादव अध्यक्ष रहेको उपभोक्ता समितिसँग २०७६/८/२९ मा संझौता भए अनुसार २०७७/१२/२५ सम्म कूल रु. ३७८९४६६.४९ को माक सम्पन्न गर्नु पर्नेमा म्याद थप समेत नभएको र अधिकतम कार्य बैशाखमा शुरु गरी आषाढ २५ सम्म कार्य गरेको विल पेश गरेको छ । लकडाउन शुरु हुनु अगावै कुनै कार्य नगरी बैशाख, जेष्ठ र आषाढ महिनामा मात्र कार्य गरी खर्च लेखेको मनासिव देखिएन । त्यसै गरी कार्य सम्पन्न मूल्यांकन फारम अनुसार बाहिरबाट ग्राभेल ल्याई सडकमा ग्राभेल गर्ने तथा ज्यामीद्वारा कम्प्याक्सन गर्ने कार्य ५६१९४

२७५.८४ घन मिटर गरेकोमा अन्य स्थानमा ५ कि.मि. लिड दिई रु. १२१४.८१ प्रति घनमिटरको दरले मूल्यांकन गरेकोले प्रति घन मिटर रु. २०३.७२ ले २७५.८४ घन मिटर को रु. ५६१९४।- बढी मूल्यांकन भएको रकम असुल गर्नुपर्ने रु.

७४. **प्राविधिक नाप जाँच वेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निर्माण सम्पन्न प्रमाणपत्र एंव उपभोक्ताको विल लगायत प्राविधिक कागजात नराखी देहायअनुसार भुक्तानी गरेकोले प्रमाण पेश गर्नु पर्ने रु. ५९९०००

| गो.भौ.नं./मिति | योजनाको नाम | उपभोक्ता समितिको अध्यक्षको नाम | कार्यसम्पन्न मूल्यांकन रु. | न.पा.बाट खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १९३-२०७७/३/२५ | वडा नं. ७ मा नयाँ कृषि सडक मझुलिया गोरहन्ना र करुणा सडक | सुनिल कुमार सिंह | - | २००००० | कार्यसम्पन्न फाराम, नापी किताव, चेनेज आदी खुलेको छैन् । लागत अनुमानको आधारमा भुक्तानी । |
| १७२-२०७७/३/२२ | वडा नं. ३ पिपरा मस्दिज निर्माण | सुमन साफी | ठेक्का विल अनुसार रु. ४२०३९४.८८ | ३९९००० | कार्यसम्पन्न फाराम नभएको, नापी किताव प्रतिलिपि रहेको र ठेक्का विलको मात्र आधारमा भुक्तानी |

७५. **ढुवानी खर्च : २००-२०७७/३/२६** भंगहा नगरपालिका वडा नं. ७ मा नयाँ टोल मेधरौल अधुरो सामुदायिक भवन निर्माण गरेको जुनो देवी सिंह अध्यक्ष रहेको उपभोक्ता समितिलाई विभिन्न फुटकर योजना शिर्षकबाट रु. २ लाख भुक्तानी सम्पन्न देखाइएको अवस्थामा अन्य कार्य बाँकी रहेको देखिन्छ । कूल लागत अनुमान नगरी आंशिक कार्यको लागत अनुमान र सम्पन्न देखाएको अवस्थामा साइट क्लियरेन्स र सामानको ढुवानी लागत भनी लमसम रुपमा क्रमशः रु. ४०००।- र ५०००।- मूल्यांकनमा समावेश गरेको छ । सामानको ढुवानी समेत दर विश्लेषणमा नै हुने भएकोले ढुवानी खर्च मिल्ने देखिएन । तसर्थ सम्पन्न नभएको काममा साइट क्लियरेन्स दिएको र नपाउने ढुवानी खर्च मूल्यांकनमा समावेश गरी अपव्यय भएको रकम असुल गर्नु पर्ने रु. ९०००

७६. १६-२०७६/८/२६ वडा नं. ५ सितापुर मुसहरी सडकमा पि.सि.सि. ढलान वापत उपभोक्ता समितिलाई रु. २० लाख भुक्तानी दिंदा उपभोक्ता समितिले पेश गरेको विल भरपाई भन्दा निम्नानुसारको कार्यमा निम्न परिमाणको बढी मूल्यांकन गरी भुक्तानी दिएकोले असुल गर्नु पर्ने रु. १५७५८५

| विवरण | साधन | उपभोक्ताले पेश गरेको विल भरपाई अनुसारको परिमाण | प्राविधिक मूल्यांकन अनुसारको परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| माटो ल्याई | २० टिपर | १५३ | २३५.१९ | ८२.१९ | ५९३.५१ | ४८७८०.०५ |
| ज्यामि द्वारा कम्प्याक्सन ग्राभेल | १० टिपर | ७६.५० | १६६.०६ | ८९.५६ | १२१४.८१ | १०८८०५.५५ |
| | | | | | जम्मा | १५७५८५.६ |

७७. **अन्य निकायको खर्चः-** स्थानिय तहले मातहत कार्यालयकोलागि मात्र खर्च गर्नु पर्दछ । यस सम्बन्धमा देहायका व्यहोरा छनः-

क) ८०-२०७६/१/११ संघीय सरकार अन्तर्गतका कार्यालयको व्यवस्थापन खर्च संघीय सरकारले नै व्यवस्था गर्दछ । स्थानिय तहले स्थानिय तह अन्तर्गतका कार्यालयको मात्र व्यववस्थापन र खर्च गर्नु पर्ने व्यवस्था छ । तर यस कार्यालयले जिल्ला प्रहरी कार्यालय महोत्तरीको च.नं. १४८८ मिति २०७६/५/२८ को प्रहरी उपरिक्षकको दस्तखत रहेको पत्र अनुसार ५७ थान मेट्रेस प्रतिगोटा रु.७६८०।-ले मूल्य अभिवर्द्धी कर समेत रु. ४९४६६८।- मा खरिद गरेको भनी आफरिन इन्टरप्राइजेज (६०९४९५३०८) लाई भुक्तानी गरेको छ । उक्त सामान जिल्ला प्रहरी कार्यालयमा हस्तान्तरण गरेको नदेखिएको र संघीय सरकार अन्तर्गतको कार्यालयको लागि खर्च व्यहोर्ने आधार पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ४९४६६८

ख) आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागबाट रकमखर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमाभित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थीत निम्नानुसार कार्यालयलाई रु. ५२४७० भुक्तानी गरी अन्य कार्यालयको खर्च यस कार्यालयले व्यहोरेको छ । यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ । यस्तो खर्च नियमित नदेखिएको रु. ५२४७०

| गो.भौ.नं./मिति | क्रियाकलाप/विवरण | भुक्तानी पाउने कार्यालय | भूक्तानी रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०९-२०७७/३/२८ | मोटरसाइकल मर्मत खर्च | अस्थायी प्रहरी पोष्ट जमुनिया | १२४७० | च.नं. १५५ मिति २०७७/३/१६ को इन्चार्जको पत्र |
| १७९-२०७७/३/२३ | २ थान टायर खरिदको शो.भ. | ज्याम आइरन एण्ड टायर ट्रेड | ४०००० | स.प्र.बल वेश भंगहाको टाटा १ टनको ना.१ग ५९० को लागि |
| | | जम्मा | ५२४७० | |

७८. **१४४-२०७७/३/१२** वडा नं. ७ मझौलया टोल नयाँ र पुरानो सडक पि.सि.सि. ढलान कार्यको लागि रु. ९४४७८६५.२५ लागत अनुमान भई रु. ४४५५५०० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः-

क) उपभोक्ता समिति गठन गर्नु अगाडी सार्वजनिक सूचना जारी गरी सरोकारवालालाई सुशुचित गरेको प्रमाण स्रेस्तासाथ संलग्न छैन् ।

ख) यस कार्यालयको लागि यसै वर्ष माटो बाहिरबाट ल्याउने र ग्राभेल ल्याई मानिसले मिलाउने कार्यका लागि रु. १०६२६०८८.१० मा ओभरहेड, कन्टिन्जेन्सी र मूल्य अभिवृद्धी कर जोड्दा हुने रु. १४२२२८५९।- को डि.पि.आर.कार्य वापत प्राची कन्सल्टेन्सी एंव कन्स्ट्रक्सन प्रा.लि. धनुषालाई र सवग्रेट, ईटा सोलिङ गर्ने, सपोर्टिङ कार्य ढलान (M20) एंव बिमा समेतको मूल्य अभिवृद्धी कर थप गर्दा हुने रु. ५०८२८४५०.३६ को डि.पि.आर. बापत एक्सेल वर्ड कन्सल्टेन्ट प्रा.लि., ललितपुरलाई भुक्तानी गरेको छ । यसरी दुबै डि.पि.आर. अनुसार कूल रु. ६५०५१३०९.३६ को लागत अनुमान भएको निर्माण कार्य टुक्रा लागत अनुमान गरी उपभोक्ता मार्फत गराएको मनासिव देखिएन ।

७९. **दोहोरो परामर्श शुल्कः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी गर्नुभन्दा पहिले आवश्यक कागजात पुगे नपुगेको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको परामर्श सेवा खरिद गरेकोमा देहायका भौचरबाट देहायअनुसार भुक्तानी गरेकोले दोहोरो भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु. ३८३००१

| गो.भौ.नं./मिति | DPR कार्यको नाम | DPR अनुसारको लागत अनुमान (VAT) समेत | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| २०४-२०७७/३/२६ | Detailed Feasibility study and Design of PCC wore, भुट्टाइ ठाकुरको घरदेखी दक्षिण | ५०८२८४५०.३६ | Millennium Star Constriction Pvt. Ltd. Dhanush | ९६४४७ |
| | | ५०८२८४५०.३६ | Integral Engineering Constriction & Builderis Pvt.Ltd. | ९५३३२ |
| | Detailed Feasibility study and Design of PCC wore नयाँ र पुरानो मझौरिया टोल सडक | १०६२६०८८ | Prachi connsulting & Construction Pvt. Ltd. Dhanush | ९५८९० |
| | | ५०८२८४५०.३६ | Excel World Construction Pvt. Ltd. Lalitpur | ९५३३२ |
| | | | जम्मा | ३८३००१ |

८०. **विल भरपाई बेगरको भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकरी रकम खर्च लेख्दा खर्चको विल भरापाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस पालिकाले निम्न भुक्तानी गर्दा रु २६६९६ को विल भरपाई बेगर खर्च लेखेको पाइयो । विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. २६६९६

| **गो.भौ.नं./मिति** | **कार्यक्रम/विवरण** | **भुक्तानी पाउने** | **भुक्तानी रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १०६-२०७७/२/९ | सूचना प्रकाशन | अल्का एड्भरटाइजिङ एण्ड मिडिया प्रा.लि. | २६६९६ | प्रतिलिपि विल रहेको भरपाई नभएको । |

८१. **ह्यान्ड पाईप जडानः-** कार्यालयले १८ थान ह्यान्ड पाईप खरिद गरी जडान गरेको भनी खर्च लेखेकोमा प्राप्त गर्ने व्यक्तिले बुझेको भरपाई श्रेस्तासाथ संलग्न नभएकोले सो प्रमाण पेशगर्नु पर्ने रु. ६१२७९

| **गो.भौ.नं./मिति** | **योजनाको नाम** | **उपभोक्ता समितिको अध्यक्षको नाम** | **संख्या** | **मुल्यांकन रकम** | **न.पा.को भुक्तानी रु.** | **मूल्यांकन रकमको आधारमा प्रति इकाई लगात दर** |
|---|---|---|---|---|---|---|
| २०७-२०७७/३/२९ | सिङगयाही खानेपानी पाईप जडान | लटु यादव | १८ | ११०३०२६ | १०००००० | ६१२७९.२३ |

८२. **विद्यालयको लागि फर्निचर खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिdको प्रकृया पुरा नगरी देहायको डेक्सबेन्च खरिद गरी विद्यालयमा फर्निचर व्यवस्था गरेको भनी देहायअनुसार भुक्तानी भएको छ। एउटै प्रकृतिको कार्यलाई टुक्रा पारी सोझै खरिद गरेको, त्यस्ता फर्निचर सम्बन्धित विद्यालयमा जिन्सी हस्तान्तरण भई जिन्सी खातामा दाखिला भएको प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु. ९९४०००

| **गो.भौ.नं./मिति** | **भुक्तानी पाउने** | **खरिद सामान** | **भुक्तानी रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १८४-२०७७/३/२४ | एम.जि.इन्डस्टिज प्रा.लि. | डेक्सबेन्च ७० थान खरिद | ४९७००० | मा.वि.भंगहाको लागि खरिद |

| | | | | |
|---|---|---|---|---|
| १८३-२०७७/३/२४ | शिवम स्टील फर्निचर उद्योग | डेक्सबेन्च ७० थान खरिद | ४९७००० | |
| | | जम्मा | ९९४००० | |

८३. **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. ५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभर नै सोझै खरिद विधि अपनाई ३२ वटा टुक्रावाट रु. ३०५००००।- को मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनु पर्दछ ।

८४. **विविध फुटकर योजना निर्माण र खर्चः-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तयार गरी योजनाको प्राथमिकताको आधारमा आर्थिक विकास गर्ने, गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुन सक्ने एंव बढी जनसहभागिता हुने कार्यक्रममा बजेट छुट्याई खर्च गर्नु पर्नेमा विभिन्न ४१ वटा योजना तथा कार्यक्रमबाट यो वर्ष रु. ११८२००६१ खर्च भएको विवरण प्राप्त भएको छ । यसरी बार्षिक योजना तयार नगरी पदाधिकारीले पटके निर्माण गरी योजना संचालन गरेको, कतिपय काममा योजनाको लागि छुट्याएको रकम नपुग भनि थप खर्च गरेको, साना र स्पष्ट उद्देश्य नभएका योजनामा समेत खर्च गरेको, शोधभर्ना गरी खर्च गरेको लगायतका कारणबाट फुटकर योजना भनी संचालन गरेका योजनाको गन्तब्य स्पष्ट नभएको अवस्थामा सुधार ल्याउन योजना निर्माण र खर्च प्रणालीमा सुधार गर्नु आवश्यक देखिएको छ ।

८५. **टावर लाइट जडान कार्यः-** कार्यलयले ९ वडाका विभिन्न स्थानमा ६ वटा १५० वाटको ८ एम.डी.को बल्व जडान भएको १३ मिटर अग्लो टावर लाइट जडान गरेवापत प्रति सेट रु. २४९९९९.८० का दरले लागत अनुमान तयार गरी सोही अनुसार उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी गरेको छ । तर उक्त टावर लाइट उपभोक्ता समितिले श्री जय हनुमान जनरल सप्लायर्स नामको फर्म मार्फत गराएको स्रेस्ताबाट देखिएको छ । यसरी जटिल एंव प्राविधिक प्रकृतिको निर्माण कार्य उपभोक्ता मार्फत गराएको र उपभोक्ताले निर्माण व्यवसायीबाट गराएकोमा समेत कार्यलयबाट भुक्तानी दिएको मनासिव देखिएन ।

८६. **फर्मको कार्यमा मूल्य अभिवृद्धी कर : १८८-२०७७/३/२५** वडा नं. ८ मा शिव मन्दिर निर्माण वापत प्रदिप बरही अध्यक्ष रहेको उपभोक्ता समितिलाई रु. १०८३४८८.१९ मा अघिल्लो बिलमा रु. ९२६९५८.१९ भुक्तानी दिएकोले बाँकी रु. ११८३००।- खर्च लेखेको छ । जसमा फर्मवर्क भनी प्रति वर्ग मिटर रु. १६१८.४० ले १३८.२४ वर्ग मिटरको रु. २२३७२७.६१ कार्य मूल्यांकन गरेको छ । यसरी कार्य मूल्यांकन गरेकोमा प्रति वर्ग मिटर रु. ६८.४५ को दरले दर विश्लेषणमा नै मूल्य अभिवृद्धी कर समावेश गरेको तर उपभोक्ताले कर विजक पेश नगरेको अवस्थामा फर्मको कार्यको मूल्य अभिवृद्धी कर समेत मूल्यांकन गरेकोले रु. ९४७३.४८ असुल गर्नुपर्ने देखिएको रु. ९४७३

८७. **जटिल प्रकृतीको निर्माण** :- यस सम्बन्धमा देहायको व्यहोरा देखिएको छः-

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल र प्राविधिक निर्माण कार्य उपभोक्ता मार्फत गराउन नहुने व्यवस्था रहेको छ । तर कार्यालयले यो वर्ष जिल्ला दरमा समावेश नभएको विधुतिकरण सम्बन्धी कार्य देहायअनुसार उपभोक्ता मार्फत गराई निर्माण सम्पन्न गरेको छ । यसरी निर्माण गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामानको लागत अनुमान नभएको, दरविश्लेषण संलग्न नरहेको र कार्यालयभन्दा बाहिरबाट प्राविधिक कर्मचारी ल्याई लागत अनुमान तयार गरी प्रतिस्पर्धा सिमित हुने गरी उपभोक्ता मार्फत कार्य गराएको र उपभोक्ताले निर्माण व्यवसायी मार्फत कार्य गराई वर्षको अन्त्यमा देहाय अनुसार खर्च गरेको मनासिव देखिएन ।

| **गो.भौ.नं./मिति** | **योजनाको नाम** | **कार्यसम्पन्न रकम रु.** | **कार्यालयको योगदान एंव भुक्तानी रु.** |
|---|---|---|---|
| १००-२०७७/१/२८ र १९०-२०७७/३/२५ | वडा नं. ६ मा कृषि विधुतिकरण | ५१०४८९८.११ | ४८४९६५३.२० |
| १९२-२०७७/३/२५ | वडा नं. ७ मा कृषि विधुतिकरण | ६२३५८३.२० | ६००००० |
| २३१/२०७७/३/३१ | वडा नं. ४ प्रेमनगरमा कृषि विधुतिकरण | १०८१५९१ | १०००००० |

ख) कार्यालयले एउटै प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ताको योगदान फरक फरक कट्टी गरेको छ । वडा नं. ४ का विभिन्न स्थानमा विधुतिकरण गर्ने कार्यको लागत अनुमान रु. ११६२२३०.४० रहेकोमा उपभोक्ताको योगदान रु. ६३३०२

१९२२३०.४० अर्थात १६.५४ प्रतिशत रहेकोमा उपभोक्ताले जम्मा १०८१५९१.६० को मात्र काम सम्पन्न गरेकोले लागत अनुमान र कार्यसम्पन्न अनुसारको रु. १७८८९२.९२ योगदान कट्टी गर्नु पर्नेमा रु. १११५९०.६० मात्र कट्टी गरेकोले घटी योगदान कट्टी गरेको रु. ६३३०२.३२ असुल गर्नु पर्ने देखिएको रु.

८८. **जिन्सी दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका जिन्सी सामानहरू खरिद गरेकोमा दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. **२४९९६**

| गो.भौ.नं./मिति | खरिद गरिएको सामानको विवरण | मू.अ.कर बाहेक | मू.अ.कर समेतको मूल्य |
|---|---|---|---|
| १५२-२०७७/३/१७ | गिजर | १९०२६ | २१४९९.३८ |
| | IPA Stand | ३०९५ | ३४९७.३५ |
| | जम्मा | २२१२१ | २४९९६.७३ |

**संघीय सरकारबाट हस्तान्तरित चालु**

८९. **दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका जिन्सी सामानहरूको खरिद गरेकोमा दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश नभएमा असुल गर्नु पर्ने रु. **१५४४३१**

| गो.भौ.नं./मिति | क्रियाकलापको नाम | भुक्तानी पाउने | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| ८१-२०७७/३/२२ | ५४५ पिस सेनिटरी प्याड खरिद | लव मेडिकल हल (३००३५४३४६) | ३९९३७ | प्रत्यक्ष खरिद गरेको, जिन्सी दाखिला नगरेको, वितरणको भरपाई पेश नभएको । |
| ८७-२०७७/३/२५ | पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधी खरिद | मिथिला भेट डिस्टीबुटर (३०२३५४३८४) | ७९९९४ | |
| ११३-२०७७/३/२६ | पशुपन्छी तथा मत्स्य उपचार सेवाको औषधी खरिद | मिथिला भेट डिस्टीबुटर (३०२३५४३८४) | ३४५०० | |
| | | जम्मा | १५४४३१ | |

९०. **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ के दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा संभव भएसम्म खरिद प्रकृयामा सबैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. ५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभर नै सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनु पर्दछ । सोझै खरिद गरेकोमा वितरण भएको प्रमाण समेत नरहेकोले वितरण भरपाई पेश गर्नु पर्ने रु. **१४८९९६०**

| गो.भौ.नं./मिति | क्रियाकलापको नाम | भुक्तानी पाउने | भुक्तानी रु. | मू.अ.कर रु. |
|---|---|---|---|---|
| ९२-२०७७/३/२५ | न्यानो झोला ५५६ थान खरिद | एस.एस. मेडिटेक प्रा.लि. (६०६५४१९३२) | ४९९८४०.७१ | ५७५०३.७९ |
| ९३-२०७७/३/२५ | न्यानो झोला ५५६ थान खरिद | शिवांस जनरल स्टोर्स प्रा.लि. (६०९५८९३८४) | ४९९८४०.७१ | ५७५०३.७९ |
| ११५-२०७७/३/२६ | ढकन समेत भएको ठूलो डस्विन १९५ थान | एम.आर.आर. ट्रेडर्स (६०९००७६२०) | ४९०२७८.७५ | ५६४०३.७५ |
| | | जम्मा | १४८९९६० | |

९१. **२७-२०७७/१०/२८** गणकको लागि ९ थान सामसुङ ग्यालेक्सी ट्याव खरिद उल्कर्ष ट्रेडर्स (६०६३००५६८) लाई रु. ३९६३०।- भुक्तानी गर्दा उक्त फर्मको विजक नं. २५ मिति २०७६/१०/१६ अनुसार रु. ९६६३०।- भुक्तानी गरेको छ । स्वीकृत कार्यक्रम अनुसार रु. ३६००००।- मा ९ वटा ट्याब्लेट खरिद गर्नु पर्नेमा गरिव पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम यातायात तथा विविध खर्चबाट रु. ३६६३०।- खर्च गरेको र प्रत्यक्ष खरिद गर्दा मूल्यमा प्रतिस्पर्धा नभई अधिक खर्च हुन गएको मनासिव देखिएन ।

**स्वास्थ्यतर्फ**

९२. क) स्वास्थ्य तर्फका विभिन्न कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ र प्रदेश नं. २ को प्रदेश खर्च मापदण्ड, २०७५ अनुसार विभिन्न क्रियाकलापमा नर्म्सको पालना नगरेको, मसलन्द सामाग्री खरिद

भएकोमा भरपाई नभएको एंव व्यानरको विल रहेकोमा व्यानर प्रयोग भएको फोटो संलग्न नभएबाट तोकिए अनुसारको खर्च भएको छ भन्न सकिने अवस्था छैन् ।

ख) कार्यक्रम संचालन गर्दा संचालन हुने कार्यक्रम, संचालन हुने स्थान, समय र उपस्थिति हुन आमन्त्रण गरिएको पत्र स्रेस्ता साथ संलग्न नहुँदा कार्यक्रम तोकिएको मितिमा नै भएको हो भन्ने आधार देखिएन ।

९३. **१०-२०७६/८/९** विभिन्न ८ वटा कार्यक्रम संचालन गरे वापत स्वास्थ्य संयोजक मनोहर यादवलाई रु. २७५५००।- शोधभर्ना खर्च भुक्तानी गरेको स्रेस्ता परीक्षण गर्दा देहायअनुसार मसलन्द सामाग्री वितरण गरेको प्रमाण संलग्न नभएको, अधिक खाजा खर्च लेखेको एंव नपाउने भ्रमण खर्च लेखेको निम्नानुसारको रकम असुल गर्नु पर्ने रु. ६१०७५

| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | कार्यक्रम भएको मिति | उपस्थिति संख्या | विल अनुसार खाना/खाजा संख्या | दर | बढी रु. | अ.प. बढी भुक्तानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १०-२०७६/८/९ | अल्जाइमर दिवस | २०७६/६/४ | २५ | ४० | २२५ | ३३७५ | ५५०० | ८८७५ | |
| | क्षयरोगका विरामीको कोहर नतिजा प्रगती एंव चुनौती | २०७६/४/१९ | १५ | २० | २५० | १२५० | २००० | ३२५० | स्टेशनरी रु. २००० |
| | परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम | २०७६/६/१ | ४८ | ५५ | ३०० | २१०० | ७००० | ९१०० | स्टेशनरी वितरण भएको र फ्लेक्स छापेको प्रमाण नभएको । |
| | विश्व स्तनपान दिवस सप्ताह | २०७६/४/२० | ४७ | ५५ | ३०० | २१०० | ७००० | ९१०० | |
| | महामारी तथा प्रकोपजन्य डेंगु सम्बन्धी १ दिने अभिमुखीकरण | नखुलेको | ३२ | ५० | २५० | ४५०० | ७००० | २०८०० | जि.ज.स्वा.का. का ज.स्वा.नि. सन्तोष ठाकुरको उपस्थिती बेगर भ्रमण खर्च रु. ९३०० भुक्तानी |
| | Hypertension Disease सम्बन्धी कार्यक्रम | २०७६/६/१२ | ३० | ५० | २२५ | ४५०० | ५४५० | ९९५० | |
| | | | | | | | **जम्मा** | **६१०७५** | |

९४. **फरक शिर्षकबाट खर्च :- ५७-२०७७/२/२७** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार तोकिएको कार्यक्रममा तोकिए अनुसार खर्च गर्नु पर्दछ । कार्यालयले निम्नानुसारका कार्यक्रमको लागि निम्न रकम प्राप्त भएकोमा निम्नानुसार खर्च गरेकोले संघीय संचित कोषबाट प्राप्त रकम उपयोग भएको पाइएन । अतः स्थानिय संचितकोषबाट गर्नुपर्ने खर्च संघीय संचित कोषको भार बढी गर्ने गरी गरेको निम्नानुसारको खर्च शोधभर्ना गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु. ९७४८५

| कार्यक्रमको नाम | तोकिएको बजेट | कार्यालयले गरेको खर्च विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| उपचार केन्द्रहरूमा आकस्मिक अवस्थामा औषधी एंव ल्याव सामाग्री ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी तथा फरमेट, फोटोकपि, विरामीको व्यक्तिगत विवरण, ई.टि.जि. रजिस्टर अध्यावधिक क्षयरोग प्रेषण तथा उपचार | ५०००० | गाडी मोविल, गिरिस , फिल्टर, डिजल, टायर लक, सुइच सेट, हाइड्रोलिक फिल्टर आदी देखाई मर्मत खर्च भुक्तानी | २४६५६.६ |
| स्थानिय तहका स्वास्थ्य संस्थाहरूको मासिक, चौमासिक समिक्षा, सूचना संकलन गुणस्तर सुधार साथै विधुतिय प्रतिवेदनका लागि इन्टरनेट सेवा महशुल भुक्तानी | ४२४८५ | २ थान इन्भटर व्याट्री | ७२८२८.५ |
| जम्मा | ९२४८५ | | ९७४८५.१ |

९५. **करार सेवा :- ६२-२०७७/३/७** भंगहा नगर कार्यपालिकाको मिति २०७६/११/१४ र २०७७/२/२ को निर्णय अनुसार देहायका कर्मचारीहरूलाई देहाय अनुसार सोझै करारमा लिई स्वास्थ्य संस्था नभएका वडाहरूमा भवन निर्माण तथा संचालन खर्च शिर्षकबाट २०७७ बैशाख र जेष्ठ महिनाको पारिश्रमिक वापत रु. ११८९९५६।- भुक्तानी भएको छ । यसरी शिर्षक फरक पारी खर्च लेखेको,करारमा सेवा प्राप्त गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम पालना नभएको, कामको स्पष्ट विवरण उल्लेख नगरी खर्च लेखेको मनासिव देखिएन ।

९६. **स्वास्थ्य शिविर सञ्चालन :- १३-२०७६/८/१०** बाढी पिडितको निशुल्क स्वास्थ्य शिविर संचालन गरेको भनी रु. १६००००।- स्वास्थ्य संयोजक मनोहर यादवलाई भुक्तानी गरेको भनी बैंक नगदी कितावमा खर्च जनाएको तर

कुमारी बैंकको २०७६/८/१० को चेक नं. ८८२३४२४ र गोश्वारा भौचरमा प्रमुख प्रशासकिय अधिकृतले दस्तखत नभएको तर विल भरपाई लगायत पुस्टयाई हुने कागजात बेगर खर्च जनाएकोले बास्तविक खर्च भएको र भुक्तानी भएको सम्बन्धमा छानविन गरी एकिन गरी खर्च नभएको भए बैंकमा डेविट उल्लेख गरी आम्दानी जनाउने र खर्च भुक्तानी भएको अवस्थामा पुष्ट्याई हुने प्रमाण पेश गर्नु पर्ने रु. — १६००००

९७. **करार नविकरण नगरी करार सेवाः-** क) स्वास्थ्य तर्फ दरबन्दी भन्दा बाहिरका ६ जना कर्मचारी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ र करार ऐन विपरित करार नविरण नगरी देहाय अनुसार मासिक तलव भुक्तानी गरेको नियमित नदेखिएको रु. — ९०७२००

| कर्मचारीको नाम | पद | मासिक पारिश्रमिक | बार्षिक सुविधा रु. |
|---|---|---|---|
| सविता कुमारी यादव | का.स. | १२६०० | १५१२०० |
| सन्तोष कुमार अधिकारी | का.स. | १२६०० | १५१२०० |
| सन्जु देवी राउत | का.स. | १२६०० | १५१२०० |
| सिंकुमारी देवी पासवान | का.स. | १२६०० | १५१२०० |
| विरेन्द्र प्रसाद यादव | का.स. | १२६०० | १५१२०० |
| शंकर यादव | का.स. | १२६०० | १५१२०० |
| | | जम्मा | ९०७२०० |

ख) करार सेवामा नियुक्त गर्दा कामको विवरण एकिन गरी आवश्यकताको आधारमा सार्वजनिक खरिद ऐन नियम र करार ऐन अनुसार छनौट हुनु पर्दछ । नियुक्ती अवधी पछी मात्र हाजिर भएको र कामको आधारमा भुक्तानी हुनु पर्दछ । स्वास्थ्य संस्था नभएका वडाहरूमा विभिन्न पदमा १७ कर्मचारीहरूलाई यो वर्ष पारिश्रमिक वापत रु. ११८९९५६।- खर्च लेखेको छ । स्वास्थ्य संस्था नभएका वडाहरूको विवरण राखि सेवाग्राहीको संख्या समेत एकिन गरी प्रतिस्पर्धा मार्फत सेवा प्राप्त गरेको प्रमाण स्रेस्तासाथ पेश भएन । करार सेवाबाट प्राप्त उपलब्धी एकिन गरी सो को अनुगमन नगरेको, करार कुन मितिमा भएको हो नखुलेको, २०७७/२/२ को नगरपालिकाको निर्णय अनुसार करार गरिएको भनिएको अवस्थामा मिति २०७६/४/११ देखि लागु हुने गरी करार गरिएको हो भन्न मिल्ने देखिदैन् । तसर्थ करार गरेको र काम गरेको हाजिर समेतका आधारमा तलव खर्च लेख्नु पर्नेमा पहिले देखी लेखेको, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले च.नं. २०० मिति २०७६/८/८ गते मात्र स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्बन्धमा मात्र पत्र लेखेको अवस्थामा कार्यपालिकाको निर्णय मिति भन्दा धेरै अगाडी देखि अर्थात कतिपय कर्मचारीको श्रावण महिना देखि तलव खर्च लेखेको मनासिव देखिएन ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

९८. **१११-२०७७/३/२६** प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विभिन्न ७ स्थानमा बँगैचा निर्माण कार्यका लागि रु. २३४००।- ईटाको मूल्यांकन गरेकोमा साह फिक्स ईटा उद्योगको मिति २०७७/३/४ को विजक नं. ११४ र ११५ को विलबाट रु. १२०००।- एंव विजक नं. १२२ मिति २०७७/३/५ को विजकबाट रु. ६०००।- गरी जम्मा रु. १८०००।- मात्र ईटा ल्याएको विल पेश भएकोले मूल्यांकनमा समावेश भएको ५४००।— ईटाको प्रति गोटा दर रु. १० ले हुने रु. ५४०००।-बढी भुक्तानी हुन गएकोले बढी रकम असुल उपर गर्नु पर्ने रु. — ५४०००

९९. **बढी दर र एउटै व्यक्तीलाई पटक पटक रोजगारीः-** प्रधानमन्त्री रोजगार कार्यक्रमका निर्देशिका अनुसार बेरोजगारलाई प्रतिदिन रु. ५१७ का दरले भुक्तानी गर्नु पर्नेमा ६५० का दरले भुक्तानी गरेको बैंक मार्फत रकम वितरण गर्नु पर्नेमा ल्याब्चे दस्तखत मार्फत वितरण गरेको, पहिचान खुल्ने कागजात , छनौटको तरिका आदी नखुलेकोले पारदर्शी प्रक्रियाबाट प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन भएको छैन् । यस सम्बन्धमा देखिएका विस्त्रीत व्यहोरा देहाय बमोजिम कैफियतमा उल्लेख गरिएको छ ।

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| ५८-२०७७/३/२ | १११० मिटर कृषि सडक सम्माएको र झाडी सफा गरेको भनी रु. २६८८.६३ घन मिटरको कार्य गरेको भनी रु. ३६८.२२ का दरले मूल्यांकन गरी भुक्तानी | रोजगार संयोजक सूर्य नारायण ठाकुर | ९८९९५० | कार्यविधि अनुसार कामदारको छनौटको आधार, तथ्यांक संकलन, छनौटको तरिका, कामको स्पष्ट विवरण आदी नखुलेको साथै बैक मार्फत वितरण गर्नु पर्नेमा २०७७/२/२३ देखि २०७७/२/३१ सम्म काम गरेको जनाई १३९ जनालाई ९ दिनको प्रति दिन रु. ६५०।- ले र १ जनालाई २ दिनको १ जनालाई ५ दिनको दस्तखत गराई १७१ जनालाई ल्याप्चे दस्तखत मार्फत भुक्तानी गरेको छ । |

| | | | | |
|---|---|---|---|---|
| ११०-२०७७/३/२६ | विभिन्न ६ स्थानमा फलफुलको विरुवा रोप्ने, खाद्य मल ढुवानी, विरुवा घेरा बारा, टेक्टरद्वारा माटो ल्याई घेरा मित्र राख्रे कार्य | रोजगार संयोजक सूर्य नारायण ठाकुर | ९९८००० | **नगद वितरणः-** ७ देखि २२ दिनसम्म कुनै व्यक्तिलाई घटी र कुनै लाई बढी दिनकोरोजगारको अवसर प्रदान गरी खर्च लेखेको र अधिकाँस ल्याप्चे दस्तखत रहेको २०७/३/१-२०७७/३/२२, २०७७/१/२५-२०७७/१/३१, २०७७/२/१-२०७७/२/९, २०७७/१/१७-२०७७/२/९, २०७७/१/१७-२०७७/१/२४, २०७७/२/१८-२०७७/२/२५, २०७७/१/१-२०७७/१/८ र २०७७/१/९-२०७७/१/१६ । |
| ९६-२०७७/३/२५ | ज्यामीद्वारा माटो खनी सडक जिर्णोद्धार गर्ने कार्य १५६४.२ घन मिटर प्रति घ.मि. ३०९.३१ | रोजगार संयोजक सूर्य नारायण ठाकुर | ४८२६०० | ६५ जना श्रमिकलाई ११ देखि १३ दिन (२०७७/३/१३ देखि २०७७/३/२५) सम्म काममा लगाएको भनि ल्याप्चे दस्तखतबाट भुक्तानी । |
| ६७-२०७७/३/१५ | ज्यामीद्वारा माटो खनी सडक निर्माण | रोजगार संयोजक सूर्य नारायण ठाकुर | ४९९२०० | २०७७/२/१८-२०७७/२/२२ सम्म ५ दिन १५४ जनालाई सबै जसो ल्याप्चे भरपाई मार्फत भुक्तानी । |
| ९७-२०७७/३/२५ | पैनि जिर्णोद्वार कार्य ९६०.०२५ घ.मि. | रोजगार संयोजक सूर्य नारायण ठाकुर | २९६९०० | २०७७/२/१-२०७७/२/३२ तीन देखी ३२ सम्म कार्य गरेको भनी ल्याप्चे दस्तखतबाट भुक्तानी । |
| ७०-२०७७/३/१८ | कुलो जिर्णोद्वार गर्ने कार्य भंगहा-८ | वडा सचिव तन्नुकलाल दास | ११८७५०५ | रु. ३०९.३६ का दरले ३८३९.६२५ परिमाण का भएको भनी कार्यसम्पन्न मूल्यांकन फारममा उल्लेख भएको । |

| | | |
|---|---|---|
| १००. | **जिल्ला दर रेटभन्दा बढी भुक्तानीः-** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० वटा धुपीको विरुवा रु. १९० का दरले खरिद गरेको पाईयो । महोत्तरी जिल्लाको जिल्ला दर अनुसार प्रति धुपिको विरुवाको मूल्य रु. ८३.२ रहेको, प्रति विरुवा रु. १०६.८ बढी भुक्तानी गरेको स्रेस्ता परीक्षणको क्रममा देखिएकोले १०० धुपिको विरुवाको प्रति विरुवा रु. १०६.८ बढी भुक्तानी दिएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | १०६८० |
| | **शिक्षातर्फ** | |
| १०१. | **साक्षरता र निरन्तर शिक्षा कार्यक्रम :- ५१-२०७७/२/११** शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षा कार्यक्रम समेत बाट इनोभेटिभ नेपाल सर्वैला, धनुषालाई सम्झौता अनुसार रु.४९८०००।- भुक्तानी गरेकोमा सेवा आपूर्तिकर्ताले बिजक जारी नगरेको, सेवा प्रदायकको प्रस्ताव, संलग्न जनशक्ति, तथ्यांक संकलन गरेकोमा संलग्न गर्ने फारामको ढाँचा, विधि, संलग्न व्यक्तिको अनुभव लगायतका व्यहोरा खुलेको कागजात लेखापरीक्षणमा पेश भएन । तसर्थ माथि उल्लेखित प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको रु. | ४९८००० |
| १०२. | **विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानः-** नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६/७७ को कृयाकलाप नं. ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान अन्तर्गत बुँदा नम्बर (६) मा सम्झौता भएका क्रियाकलापलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो को जानकारी गराई रकम माग गरेपछि प्राविधिकहरूले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा सम्झौता भएपछि ३० प्रतिशत स्टक्चर पार्टको कार्य सम्पन्न भएपछि कुल रकमको ५० प्रतिशत निर्माण कार्य सम्पन्न गरेपश्चात र बाँकी २० प्रतिशत अनुदान विद्यालयलाई दिनुपर्नेमा कार्यालयले आँफै उपभोक्ता समिति गठन गरी देहाय अनुसार निर्माण गरेको उपयुक्त देखिएन् । | |

| गो.भौ.नं./मिति | योजनाको नाम |
|---|---|

| | |
|---|---|
| ५९-२०७७/३/५ | भवन निर्माण उपभोक्ता समिति भंगाहा-५ सितापुरलाई रु. ३२ लाख भुक्तानी गरेको स्रेस्ता परीक्षण गर्दा निम्न व्यहोरा देखिएको छः- २०७६/७/२५ को भंगाहा नगरपालिकाको कार्यापालिका बैठकले मा.वि. भंगहामा २ कोठे भवन निर्माण गरेकोमा कार्यालयले २ कोठे भवनको लागि प्रति कोठा रु. ८ लाखको दरले १६ लाख भुक्तानी दिनु पर्नेमा ४ कोठे भवनको लागि रु. ३२६२३५३.५४ को लागत अनुमान गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराएको छ । लागत अनुमान साथ विद्यालयको ड्रईङ डिजाइन तयार नगरेको लागत अनुमानमा जगखन्ने, इटाको कार्य, Plinth भन्दा तलको कार्य गर्ने, ३० वटा पिलर खडा गर्ने कार्यको मात्र लागत अनुमान तयार गरेको छ । यसरी तोकिएको कार्य नगरी आंशिक कार्यको लागत अनुमान र सम्पन्न देखाई खर्च लेखेकोले संशोधन नगरेको र तोकिएभन्दा फरक कार्य गरेको रकम नियमित देखिएन । |

१०३. **सेनिटरी प्याड वितरण :-६०-२०७७/३/५** एस.ई.ई दिने छात्रहरूलाई वितरण गर्न आदित्य इन्टरनेशनललाई २७५० थान सेनिटरी नेप्कीन वापत प्रति थान रु. ६५ ले मूल्य अभिवृद्धी कर समेत रु. २०१९८७।- भुक्तानी भएको छ । तर उक्त नेप्किन के कसरी कहाँ वितरण भएको खुल्ने कागजात स्रेस्तासाथ संलग्न नभएकोले सो प्रमाण पेश गर्नुपर्ने रु. २०१९८७

१०४. **अनुगमन नभएकोः-** ६१-२०७७/३/७ विभिन्न ४ वटा सामुदायिक सिकाई केन्द्रहरूलाई प्रति केन्द्र रु. १ लाखका दरले रु. ४ लाख भुक्तानी दिएकोमा ति केन्द्रहरूले के कसरी संचालन गरेका छन भनी अनुगमन गरेको छैन् ।

१०५. **परीक्षा व्यवस्थापन शुल्क बापत बढी भुक्तानी** :- ६९-२०७७/३/१६ आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६ अनुसार विल भरपाई र खर्च पुष्टी हुनेकागजात खर्च लेख्न मिल्दैन ।प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री एंव कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान शिर्षकबाट रु. ३७३०००।- खर्च भएकोमा परीक्षा व्यवस्थापन शुल्क बापत बढी भुक्तानी भएको देहायको रकम असुल गर्नु पर्ने रु. ७६५३२

| विवरण | विद्यार्थीको संख्या | विद्यार्थी संख्या अनुसार हुनु पर्ने संख्या | भुक्तानी भएको संख्या | बढी संख्या | दर VAT बाहेक | मू.अ.कर समेत बढी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| परीक्षा व्यवस्थापन खर्च | १००५ | १००५ | १४४० | ४३५ | ४५ | १९९७५ | |
| परीक्षा कपि (१५% थप समेत) | १००५ | १०४०४ | १६००० | ५५९६ | २.९० | १७०७४ | मू.अ.कर समेत |
| कपि चेक | १००५ | ९०४५ | ११५२० | २४७५ | १२ | २९७०० | |
| प्रश्नपत्र (सेट) | १००५ | ११५६ | १६०० | ४४४ | १९.५ | ९७८३ | मू.अ.कर समेत |
| | | | | | जम्मा | ७६५३२ | |

१०६. **सेनिटरी प्याड खरिदः-** ८५-२०७७/३/२३ कक्षा ६ देखि माथिको कक्षाको छात्राहरूलाई वितरण गर्न लव मेडिकल हललाई रु. १९४५४५०।- को २९२९८ प्याकेट सेनिटरी प्याड खरिद वापत भुक्तानी भएकोमा बजेट फ्रिज नगर्ने उद्देश्यले वर्षको अन्त्यमा खरिद गरी मौज्दात राखेकोमा २०७७/७८ मा वितरण गर्न विद्यालयमा २१ हजार १४ प्याकेट हस्तान्तरण फारम भरी पठाएको छ । कोभिड-१९ को कारण विद्यालय बन्द भएको समयमा बजेट फ्रिज नगराउने उद्देश्यले खरिद गरेको मनासिव देखिएन । विभिन्न विद्यालयहरूले निम्नानुसार प्राप्त गरेकोमा लेखापरीक्षण अबधि २०७७ माघ ५ सम्म पनि विद्यालयले छात्राहरूलाई वितरण गरेको छैन् । यसरी विद्यालयले वितरण गरेको सेनेटरी प्याडको भरपाइ गत वर्षको बजेटबाट खरिद गरेको भनी उल्लेख गरी वितरण गरी पेश गर्नुपर्ने र ८२८४ प्याकेट विद्यालयलाई हस्तान्तरण गरी सम्बन्धित छात्रालाई वितरण गरेको भरपाई पेश गर्नु पर्ने रु. १९४५४५०

१०७. **करार शिक्षकको तलबः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ र करार ऐन विपरित प्रतिस्पर्धा सिमित गरी नियुक्त गरेका करार शिक्षकको प्रत्येक वर्ष करार नविकरण नगरी देहाय अनुसार करार शिक्षकको तलव भुक्तानी गरेको छ । करारको शर्त अनुसार काम गरे नगरेको एकिन नगरी शिक्षकको तलव भुक्तानी गरेको उपयुक्त देखिएन ।

| विद्यालयको नाम | तह | शिक्षकको नाम | मासिक सुविधा तलव र भत्ता | दशै खर्च | पोशाक भत्ता | बार्षिक सुविधा |
|---|---|---|---|---|---|---|
| श्री रा.वि.मा.वि. | प्रा.वि. | राधा श्रेष्ठ | २८६१० | २६६१० | १०००० | ३७९९३० |
| श्री महेन्द्र मा.वि. | नि.मा.वि. | बिनोदानन्द झा | ३०२०० | २८२०० | १०००० | ४००६०० |
| श्री सरयुग आशाराम आ.वि. | प्रा.वि. | राजिव दास | २८६१० | २६६१० | १०००० | ३७९९३० |

१०८. **भौतिक पूर्वाधारः-** क) ८३-२०७७/३/२३ किशोरी जनता मा.वि. हरिणमणी विद्यालयको आंशिक निर्माण कार्य वापत उपभोक्ता समिति अध्यक्ष राम पुनित यादवलाई रु. १५ लाख भुक्तानी गरेको छ । ४ कोठे भवनको लागि प्राप्त निकासा रकमबाट किशोरी जनता मा.वि.को भवनमा प्लाष्टर, फोलोरिङ्ग कार्य, पि.सि.सि., पनिङ, पेन्टीङ, भन्याङमा १५७४५९७

गाह्रो लगाउने ,चौखट तथा छानो लगाउने सम्बन्धी कार्य गरेको भनी रु. १५७२२६१.०१ लागत अनुमान गरी रु. १५७४५९७.९४ कार्य सम्पन्न गरी उपभोक्ताबाट जम्मा ४.७३ प्रतिशत लागत सहभागिता लिई कार्य गराएको छ । यसरी पहिले नै जग सम्मको कार्य गरेको भवनको लागि तोकिएको लागत भन्दा बढी लागत कायम हुने गरी आंशिक लागत अनुमान र सम्पन्न गराई कार्य गराएको, ड्रोईङ डिजाइन र नक्सा पास बेगर कार्य गराएको एवं घटीमा ५ प्रतिशत उपभोक्ताको योगदान हुनु पर्नेमा सो भन्दा घटी दरमा लागत सहभागिता गराई कार्य गराएकोले सो बाट परेको थप व्ययभार असुल गरी प्रमाण पेश गर्नु पर्ने रु.

ख) ९९-२०७७/३/२६ सरपुग आशाराय आधारभूत विद्यादयको दुई कोठे भवन निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु. १६ लाख भुक्तानी दिई भवन काम गराएकोमा नापी किताव र कार्यसम्पन्न प्रतिवेदन अनुसार दुई कोठे भवन पूर्ण हुन नसकी झ्याल ढोका, इलेक्टिफिकेशनको कार्य बाँकी रहेको अवस्थामा सम्पन्न देखाएको छ । यसरी आंशिक कार्यको लागत अनुमान र सम्पन्न देखाउँदा लक्ष्य हासिल भएको छैन् ।

१०९. **माग फारम पेश नभएकोः-** सार्वजनिक विद्यालयका स्थायी तथा राहत शिक्षकको लागि भनी तेस्रो किस्ता स्वरुप निकासा दिएको रकमलाई पुष्टी गर्ने माग फाराम तथा अन्य प्रमाण सम्बन्धित शिक्षा शाखाबाट उपलब्ध नगराएको, सरुवा तथा मृतक एंव दरवन्दी सम्बन्धमा प्रमाणित कागजात माग गरेकोमा उपलब्ध नभएको औषत हिसाव गर्दा प्रथम चौमासिकको तुलनामा तेस्रो चौमासिकमा बढी निकासा देखिएको तर पुष्टी हुने प्रमाण पेश नगरेको कारण तेस्रो चौमासिकमा निकासा दिएको रकमको आवश्यक प्रमाण पेश हुन सकेन तसर्थ आवश्यक कागजात प्रमाण पेश हुनु पर्ने देखिएको रु. २४३२९००५

११०. **दिवा खाजाः** -देहायको गोश्वारा भौचरबाट देहायअनुसार रकम निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् ।

| गो.भौ.नं./मिति | रकम रु. |
|---|---|
| ९-२०७६/७/२३ | ७८६५१०० |
| ३२-२०७६/११/८ | ८०३५३०० |
| जम्मा | १५९००४०० |

यसरी निकासा दिएको रकमबाट कुन कुन विद्यालयले कुन कुन मिति देखि दिवा खाजा संचालन गरेका छन्, विद्यालय संचालक समितिको निर्णयको माइन्यूट र विद्यार्थीले दिवा खाजा प्राप्त गरेको अनुगमन वेगर विद्यालयलाई निकासा गरेको, समुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ अनुसार ४ देखि १० वर्षका बालबालिकाहरूलाई पालिकाको सामाजिक विकास समिति अन्तर्गत उपप्रमुख वा उपाध्यक्षको अध्यक्षतामा रहेको १० सदस्यिय स्थानिय तहको कार्यक्रम कार्यान्वयन संयन्त्र मार्फत परिचालन हुने, त्यसका लागि छात्र छात्राको संख्या खुलेको विद्यालयको दैनिक हाजिरी विवरण, खाजा वितरणको मासिक प्रगति विवरण मासिक खर्च तथा प्रगति विवरण, खाद्य मौज्दातको मासिक प्रगति विवरण, खाजा आपूर्ति र खर्चको विवरण, गोदाम अवस्था, खाजा र गैर खाद्य सामाग्रिको विवरण जस्ता विवरण लिई बालबालिकालाई दिवा खाजा उपलब्ध गराएको अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेमा सो गरेको नदेखिदा उक्त रकमबाट विद्यालयले दिवा खाजा प्राप्त गरेको भन्ने आधार देखिएन ।

दिवा खाजा वितरण गर्दा कुन विद्यालयलाई के कसरी निकासा दिएको हो सो खुल्ने कागजात स्रेस्तासाथ संलग्न देखिएन । मिति २०७६ चैत्र ११ देखी देशव्यापी लकडाउन भएको र तत्पश्चातको विद्यालय बन्द भएको अवस्थामा दिवा खाजा सञ्चालन हुने अवस्था छैन् । तसर्थ विद्यालयमा रकम निकासा दिँदा कार्यविधि अनुसार विद्यालयले दिवा खाजा माग गरेको सम्बन्धित निर्णय, दिवा खाजा समिति गठन भएको, बैठकको प्रतिलिपि, सम्झौता पत्र, प्रध्यानाध्यापक र विद्यालय व्यवस्थापन समितिले प्रमाणित गरेको कक्षागत विद्यार्थी संख्या आदी खुलेको कागजातका आधारमा निकासा दिनु पर्ने र दोस्रो पटक निकासा दिँदा खाजा खुवाएको अनुगमन गरी अनुगमनको आधारमा लाभान्वित विद्यार्थी संख्या निश्चित गरी भुक्तानी दिनु पर्नेमा सो बेगर विद्यार्थी संख्या र हाजिरीको संक्षिप्त तेरिज समेत तयार नगरी निकासा दिएको रकम सम्बन्धमा छानविन गरी एकिन गरी आवश्यक प्रमाण पेश गर्नुपर्ने रु. १५९००४००

१११. **छात्रवृत्तीः ७१-२०७७/३/१९** विद्यालयलाई छात्रवृत्ति स्वरुप निकासा दिएकोमा EMIS को तथ्यांक अनुसारको तथ्यांक लिई छात्रा तथा दलित विद्यार्थीको संख्या निर्धारण गरी हिसाब गरेको कागजात श्रेस्ता साथ पेश भएन तसर्थ विद्यालयगत विद्यार्थीको संख्या EIMS को आधारमा तयार गरी सो आधारमा निकासा गरेको देखिएन तसर्थ छात्रा एवं दलित संख्या खुलाउँदा EMIS को तथ्यांकलाई आधार नलिई संख्या निर्धारण गरी रु. ३२२८४००।- विभिन्न विद्यालयलाई निकासा भएको छ । EMIS र हाजिरी अनुसार तथ्यांक एकिन गरी बढी निकासा भएको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्दछ । छात्रावृतीको वितरण सम्बन्धमा अनुगमन हुनु पर्दछ ।

११२. **नन सेलेरी रकमः- ७१-२०७७/३/१९** नन सेलेरी सम्बन्धमा देहायका व्यहोरा छनः-
क) कार्यालयले नन सेलेरीको रकम भुक्तानी गर्दा **EMIS** को तथ्याङ्कलाई आधार लिएको छैन् । विद्यालयको दैनिक १३३५००

हाजिरी समेतलाई आधार मानी नन सेलेरी वापतको रकम निकासा दिनु पर्नेमा सो अनुसार दिएको छैन् । यो वर्ष नन सेलरि अनुदान वापत रु. ४४१६०००।- निकासा दिएकोमा यथार्थ विद्यार्थी संख्याको निर्धारण अनुसार निकासा दिएको पाईएन ।

ख) मदरसालाई नन सेलेरि निकासाः- परम्परागत धार्मिक विद्यालयलाई कार्यविधि अनुसार वार्षिक रु.२४१०००।- संचालन अनुदान रकम मात्र निकासा गर्नु पर्नेमा शिक्षा अधिकृत नरबहादुर पाखिनको सिफारिस अनुसार निम्न मदरसालाई समेत नन सेलेरि वापत रु.१३३५०० निकासा दिएकोले कानुनी व्यवस्था वेगर निकासा गर्न सिफारिस गर्ने व्यक्तिलाई समेत जिम्मेवार बनाई असुल गर्नु पर्ने रु.

| क्र.सं. | मदरसाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | मदरसा रजविया फैजाने रजा भंगहा ६ हात्तिसरवा | २४००० |
| २ | मदरसा गुल्सने पडरिया मदिना (साविर) | २७००० |
| ३ | रिजिविया नुरिया बरकातुल पडरिया | १०५०० |
| ४ | मदरसा जामेतुल इस्लामिया सतुरेजा पडरिया | ६००० |
| ५ | गुल्सने रेजा पडरिया (सकिल) | २७००० |
| ६ | गुल्सने रेजा सिंगयाही | ७५०० |
| ७ | मदरसा गुल्सने प्रा.वि. भंगहा | ७५०० |
| ८ | मदरसा गौसिया बरफातुल ओलुम भंगहा ६ मजरा | २४००० |
| | जम्मा | १३३५०० |

११३. **मदरसालाई विद्यालय संचालन खर्च र सामाजिक लेखापरीक्षण खर्च भुक्तानी** :-शैक्षिक कार्यक्रम कार्यान्वयन निर्देशिकामा मदरसालाई विद्यालय संचालन खर्च र सामाजिक लेखापरीक्षण खर्च भुक्तानी दिने व्यवस्था छैन । निर्देशिका विपरीत निम्न मदरसालाई विद्यालय संचालन खर्च र सामाजिक लेखापरीक्षण खर्च वापत देहायअनुसार नपाउने खर्च भुक्तानी दिएकेले त्यसरी भुक्तानी दिन सिफारिस गर्ने व्यक्तीलाई जिम्वेवार बनाई असुल गर्ने रु. २०००००

| क्र.सं. | मदरसाको नाम | विद्यालय संचालन खर्च | सामाजिक लेखापरीक्षण खर्च | जम्मा रु. |
|---|---|---|---|---|
| १ | मदरसा रजविया फैजाने रजा भंगहा ६ हात्तिसरवा | १५००० | १०००० | २५००० |
| २ | मदरसा गुल्सने पडरिया मदिना (साविर) | १५००० | १०००० | २५००० |
| ३ | रिजिविया नुरिया बरकातुल पडरिया | १५००० | १०००० | २५००० |
| ४ | मदरसा जामेतुल इस्लामिया सतुरेजा पडरिया | १५००० | १०००० | २५००० |
| ५ | गुल्सने रेजा पडरिया (सकिल) | १५००० | १०००० | २५००० |
| ६ | गुल्सने रेजा सिंगयाही | १५००० | १०००० | २५००० |
| ७ | मदरसा गुल्सने प्रा.वि. भंगहा | १५००० | १०००० | २५००० |
| ८ | मदरसा गौसिया बरफातुल ओलुम भंगहा ६ मजरा | १५००० | १०००० | २५००० |
| | जम्मा | १२०००० | ८०००० | २००००० |

११४. **गणित विज्ञान शैक्षिक सामाग्रीः-** ७१-२०७७/३/१९ कार्यालयले वर्षको अन्तमा गणित विज्ञान शैक्षिक सामाग्री भनि निम्न विद्यालयलाई देहाय अनुसार रकम निकास गरेको छ । यसरि विद्यालय बन्द रहेको समयमा गणित विज्ञान शैक्षिक सामाग्री भनी रकम निकासा गरेको तर शैक्षिक सामाग्री खरिद भएको देखिने आधार प्रमाण वेगर देहायका विद्यालयलाई देहाय अनुसार निकासा गरेको उपलब्धी हासिल भएको प्रमाण र अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने अन्यथा उक्त रकम असुल हुनु पर्ने रु. ३५००००

| सि.नं. | विद्यालयको नाम | भुक्तानी रु. |
|---|---|---|
| १ | श्री मा.वि. भंगहा सितापुर, सिद्दपुर | ५०००० |
| २ | श्री किसोरी जनता मा.वि. हरिणमरी | ५०००० |
| ३ | श्री शंकर मा.वि. मेघरौल | ५०००० |
| ४ | श्री नारायण मा.वि. गोरहन्ना | ५०००० |
| ५ | श्री महेन्द्र मा.वि., सिंगयाही | ५०००० |
| ६ | श्री लक्ष्मी मा.वि. हत्तिसरवा | ५०००० |
| ७ | श्री सार्वजनिक मा.वि., भिमगढ | ५०००० |
| | जम्मा | ३५०००० |

११५. **ल्याव र ICT तर्फः-** ७१-२०७७/३/१९ विद्यालयहरू सुचारु हुन नसकेको र बन्द रहेको समयमा वर्षको अन्त्यमा रकम फ्रिज हुन नदिने उद्देश्यले देहायका विद्यालयमा ल्याव संचालन र सूचना तथा प्रविधि संजाल (ICT) स्थापना गर्न भनी निकासा दिएको रकमबाट लेखापरीक्षण अवधीसम्म पनि संचालन भएको र सामान खरिद भएको आवश्यक प्रमाण १९५००००

पेश नभएमा असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | भुक्तानी रु. |
|---|---|---|
| १ | श्री राष्ट्रिय आ.वि. (०-८) रामनगर वृता | ६५०००० |
| २ | श्री जनता आधारभून (०-८) राजपुर | ६५०००० |
| ५ | श्री महेन्द्र मा.वि., सिंगयाही | ६५०००० |
| | जम्मा | १९५०००० |

११६. आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६ मा खर्च पुष्टी हुने प्रमाण वेगर खर्च लेख्न मल्ने व्यवस्था गरेको छैन ।भंगाहा नगरपालिकाले निम्न विद्यालयका शिक्षकलाई दरवन्दी नभएको अवस्थामा समेत कार्यरत रहेको भनि तलव खर्च लेखेको रकम आवश्यक प्रमाण नभएमा असुल गर्नु पर्ने रु. १०९८०००

| विद्यालयको नाम | शिक्षकको नाम | प्रकृति | मासिक सुविधा | बार्षिक भुक्तानी रु. |
|---|---|---|---|---|
| सार्वजनिक मा.वि. भिमगढ | घनश्याम राय | अनुदान | ३०५०० | ३६६००० |
| | रामप्रसाद शर्मा | अनुदान | ३०५०० | ३६६००० |
| | उपेन्द्र ठाकुर | अनुदान | ३०५०० | ३६६००० |
| | | | जम्मा | १०९८००० |

११७. निम्न विद्यालयलाई फोटोकपी मेसिन खरिद वापत रु. ४०००००।-अनुदान स्वरुप वर्षको अन्त्यमा कोरोनाको समयमा विद्यालय वन्द भएको समयमा रकम निकासा दिएकोमा सो रकमबाट फोटोकपी मेसिन खरिद भयो भएन एकिन हुने प्रमाण पेश नभएकोले प्रमाण पेश नभएमा असुल गर्नु पर्ने रु. ४०००००

| सि.नं. | विद्यालयको नाम | भुक्तानी रु. |
|---|---|---|
| १ | श्री मा.वि. भंगहा सितापुर, सिद्दपुर | ५०००० |
| २ | श्री राष्ट्रिय आ.वि. (०-८) रामनगर वृता | ५०००० |
| ३ | श्री शंकर मा.वि. मेघरौल | ५०००० |
| ४ | श्री जनता आधारभून (०-८) राजपुर | ५०००० |
| ५ | श्री महेन्द्र मा.वि., सिंगयाही | ५०००० |
| ६ | श्री राष्ट्रिय आधारभूत विद्यालय (०-८) पडरिया | ५०००० |
| ७ | श्री राष्ट्रिय आधारभूत विद्यालय (०-८) संग्रामपुर | ५०००० |
| ८ | श्री सार्वजनिक मा.वि., भिमगढ | ५०००० |
| | जम्मा | ४००००० |

११८. **७१-२०७७/३/१९** लक्ष्मी मा.वि. भंगहा ६ हत्तिसर्वाको अस्थायी शिक्षक सुनिल यादवलाई गत वर्षको पोशाक भनी रु. १००००।- भुक्तानी दिएकोमा भुक्तानी दिन बाँकीको कच्चावारी र गत वर्ष नलिएको प्रमाण पेश गर्नुपर्ने रु. १००००

११९. **बढी निकासा** :-७१-२०७७/३/१९ प्रथम चौमासिकको तलव भुक्तानी गर्दा नारायण मा.वि. गोरहन्नालाई माग फाराम अनुसार जम्मा रु. १६८९४१८।- निकासा दिनु पर्नेमा रु. १७१०४१८।- निकासा दिएकोले बढी निकासा दिएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु. २१०००

**संघीय सरकारको पूँजिगत**

१२०. **दर विष्लेषण वेगर खर्च :- २-२०७७/१/३१** सार्वजनिक खरिद नियमावलि अनुसार दर विष्लेषण नगरि खर्च लेख्न मिल्दैन । वडा नं.६ अन्तर्गत विभिन्न स्थानमा कृषि सिचाईको लागि बोरिङ निर्माण कार्यको लागि रु. २५ लाख बजेट विनियोजन भएको मध्ये कार्य मूल्यांकन रु. २७४८६८७.५ गरी कन्टिन्जेन्सी समेत रु. २४८२८०० खर्च लेखेको छ । ४७ थान स्यालो ट्युववेल जडान वापत उपभोक्ता समितिलाई रु. २४०८३४९.७ भुक्तानी दिएको छ । यसरी खर्च गर्दा दर विश्लेषण श्रेस्ता साथ पेश भएको छैन । विगतमा सिँचाइ डिबिजन तथा भूमिगत सिँचाइ जस्ता कार्यालयले स्यालो ट्यूबवेल जडान गर्ने भएकोले त्यस्ता कार्यालयसँग समन्वय गरी योजना रहे-नरहेको एकीन गरेर योजना सञ्चालन गर्नुपर्नेमा नगरेको, उपभोक्ताले सुनिल हार्डवयर स्टोर्सबाट रु. ६२१६५६.५५ को सामाग्री सोझै खरिद गरेकोमा सामानको गुणस्तर परीक्षण नभएको, उपभोक्ता समितिमार्फत जटिल प्रक्रिया प्राविधिक कार्य निर्माण गराएको, उपभोक्ताले मेशिनरी औजारको प्रयोग गरी जडान गरेको संलग्न श्रेस्ता साथ संलग्न फोटोबाट देखिएको एवं सामानको तुलनामा जडान खर्च मूल्यांकन गरेको, दर विश्लेषण पेश नहुँदा उपभोक्तालाई दिएको मूल्य अभिवृद्धि कर रकम जानकारी हुन नसकेको जस्ता कारणबाट खर्च पारदर्शी देखिएन ।

१२१. **सोलार जडान :-३-२०७७/३/२२** बसन्ति इनर्जी पावर प्रा.लि. (६०६७६३१०७) लाई ६ नं. वडा कार्यालय भंगहा र स्वास्थ्यचौकीमा ४ सेट साथै सौर्य ऊर्जा प्रविधि जडान (सोलार) कार्य बापत सोझै खरिद गरि भुक्तानी दिएको, स्पेशिफिकेशन र लागत अनुमान स्वीकृत नगरी खरिद गरेको, दर विश्लेषण नभएको, जडान गरेको प्रमाण श्रेस्ता साथ संलग्न नभएकोले लागत अनुमान, दर विश्लेषण, गुणस्तर परीक्षण, जडान भएको प्रमाण पेश गर्नुपर्ने रु. ११३२०००

| गो.भौ.नं./मिति | योजना/कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रु. |
|---|---|---|---|
| ३-२०७७/३/२२ | स्वास्थ्य चौकी र वडा कार्यालय वडा नं. ६ मा सोलार जडान | बसन्ती इनर्जी पावर प्रा.लि. | ४१५०१३ |
| ४-२०७७/३/२२ | स्वास्थ्य चौकी र वडा कार्यालय वडा नं. २ मा सोलार जडान | पन्त ट्रेड एण्ड सप्लायर्स (६०७२६०७३३) | ४१५२९२ |
| ५-२०७७/३/२२ | प्रसुति गृह भंगहा नगरपालिका ७ मा सोलार जडान | नयाँ किरण इनर्जी सोलुसन प्रा.लि. (६०४२७५५३६) (विल रु. ४१६१२४) | ३०१६९५ |
| | | जम्मा | ११३२००० |

१२२. **वचत तथा ऋण सहकारी संस्थालाई अनुदानः- ७-२०७७/३/२४** नाफा आर्जन गर्ने संस्थालाई सार्वजनिक खर्च गर्न अनुदान दिन मिल्ने कानुनी व्यवस्था देखिदैन । भंगाहा नगरपालिकाले साना किसान कृषि सहकारी संस्था लि. भंगहालाई २ थान पाइप जडान गरेको भनी रु ६२५००।- भुक्तानी गरेको, जडानको स्थान नखुलेको र बचत तथा ऋण सहकारि संस्थाको रुपमा कार्य गर्ने निकायलाई रकम भुक्तानी गरेको नियमित नदेखिएको रु. ६२५००

१२३. **जल उपभोक्ता समितिलाई भुक्तानी :-८-२०७७/३/२४** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३६ अनुसार सार्वजनिक निकायले विभिन्न तोकिएका कुराको आधारमा मात्र भुक्तानी गर्नुपर्दछ । कार्यालयले सिचाई डिभिजन एंव भूमिगत सिंचाई कार्यालयमा दर्ता भएको कंचनवन सिंचाई योजना जल उपभोक्ता समिति हरिहरपुर हरिणमणीलाई पैनि निर्माण वापत भुक्तानी दिएको छ । सिंचाई योजनाको मर्मत समेतको कामको मूल्यांकन सम्बन्धीत डिभिजनबाट भए नभएको एकिन नगरी भुक्तानी दिएको मनासिव देखिएन ।

**सडक बोर्ड तर्फ**

१२४. **गत वर्षको भुक्तानी :-२-२०७६/७/३ क)** नगरपालिका वडा नं. ७ मा स्थानिय सडक मर्मत सम्भार कार्य नगरपालिका वडा नं. ७ मा गर्नको लागि रु. ३५७४३८६.६ लागत अनुमान तयार गरी रु. ३५४२०७४.६२ कार्यसम्पन्न गरेको भनी गत वर्ष सम्झौता भएकोमा यो वर्ष रु. ३५४२०७४.६२ भुक्तानी भएको छ । गत वर्ष सम्झौता गरेको, समयमा काम सम्पन्न नगरेको अवस्थामा उपभोक्ता समितिलाई नियम विपरित सहुलियत दिई कार्य गराएको, प्रदेश स्तरिय योजनामा लागत सहभागिता दर १० प्रतिशत रहेकोमा कार्यालयले लागत सहभागिता बेगर उपभोक्तालाई रकम भुक्तानी गरेकोले रु. ३५४२०७.४६ थप व्ययभार परेको मनासिव नदेखिएकोले नियमित हुनु पर्ने रु. ३५४२०७

ख) सडक बोर्डबाट प्राप्त रकम तोकिएको समयमा तोकिएअनुसार समयमा योजना सम्पन्न गरी खर्च गर्नुपर्दछ । कार्यालयले गत वर्षको देहाय अनुसारको योजनाको यो वर्ष भुक्तानी गरेको छ । स्रेस्ता साथ दरविश्लेषण संलग्न नभएको, चेनेजको नाम नखुलाई फरक-फरक चेनेज भनी नापी गरेको, विभिन्न स्थानका उपभोक्त संलग्न गर्नुपर्नेमा त्यसरी संलग्न नरहेको, गत वर्षको रकम भुक्तानी गर्दा के-कति कारणबाट भुक्तानी दिन बाँकी रहेको हो नखुलाई भुक्तानी दिन बाँकीको कच्चावारी बेगर आंशिक भुक्तानी गरेको कारणबाट त्यसरी भएको देहायको भुक्तानी मनासिब देखिएन ।

| गो.भौ.नं./मिति | योजनाको नाम | न.पा.बाट भएको भुक्तानी रु. |
|---|---|---|
| २-२०७६/७/३ | हर्षपुर शत्रुधन ठाकुरको घरदेखि दक्षिण संग्रामपुर सम्म सडक निर्माण वडा नं. ७ | १७३०६८४ |
| ५-२०७७/३/३१ | कपुरगञ्ज देखि भिमगढ हुँदै परिक्रमा सडक, मुसलमान टोल सकरी नगर वडा नं. ४ वनमा टोलदेखि धनुषा सिमासम्म सडक ग्राभेल | २१९७८५९ |

**स्थानिय पूर्वाधार विकास साझेदार कार्यक्रम**

१२५. **लिड बढी दिएकोः-** नगरपालिका अन्तर्गत वडा नं. ५ र ६ को बीचबाट सानो रातो भुताहा खोला र ठूलो रातो खोला समेतबाट नियमित रुपमा गिट्टी बालुवा बिक्रीबाट राजश्व असुल गरेको छ । दुरीको हिसावले बढीमा ५-६ किलोमिटर भित्र बालुवा गिट्टी पाइने अवस्थामा समेत अधिक लिड दिएको कारण देहाय अनुसार लागतमा फरक परेको छ । कार्यालयले यसरि दिएको लिडको कारणले थप व्ययभार परेको सम्बन्धमा छानविन गरी एकिन गरी सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नु पर्ने देखिएको रु. १३७९८५०

| गो.भौ.नं./मिति | योजनाको नाम | क्रियाकलाप | परिमाण | अन्य स्थानको ५ कि.मि. को लिड दर | यस कार्यको दर | बढी दर | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १६- | सडकमा | बाहिरबाट ग्राभेल | २९७.८२ | १२१४.८९ | १८२५.८१ | ६१०.९ | १८१९४५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७७/३/२५ | पि.सि.सि. ढलान गर्ने कार्य भंगहा-९ | ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | | | | २ | | |
| १५-२०७७/३/२४ | सडकमा माटो पुर्ने ग्रेभलिङ्ग गर्ने कार्य सुखनिया वगढा सडक | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ४७८.६९ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | २९२४४२ | |
| १३-२०७७/३/२४ | सडकमा पि.सि.सि. ढलान गर्ने कार्य भंगहा-९ हरिकमडी बजारदेखि सासवासको घरसम्म | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १८०.५७ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ११०३१४ | कार्य सम्पन्न प्रतिवेदन पेश नभएको । |
| ४-२०७७/२/२२ | सडकमा माटो ग्रेभलिङ्ग गर्ने कार्य | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | १३०१.५६ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ७९५१४९ | कार्य सम्पन्न प्रतिवेदन पेश नभएको । |
| | | | | | | जम्मा | १३७९८५० | |

**प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम**

१२६. **लिड बढी दिएकोः-** नगरपालिका अन्तर्गत वडा नं. ५ र ६ को बीचबाट सानो रातो भुताहा खोला र ठूलो रातो खोला समेतबाट नियमित रुपमा गिट्टी बालुवा बिक्रीबाट राजश्व असुल गरेको छ । दुरीको हिसावले बढीमा ५-६ किलोमिटर भित्र बालुवा गिट्टी पाइने अवस्थामा समेत अधिक लिड दिएको कारण देहाय अनुसार लागतमा फरक परेको छ । कार्यालयले यसरि दिएको लिडको कारणले थप व्ययभार परेको सम्बन्धमा छानविन गरी एकिन गरी सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने देखिएको रु. ८९३९४२

| **गो.भौ.नं./मिति** | **योजनाको नाम** | **क्रियाकलाप** | **परिमाण** | **अन्य स्थानको ५ कि.मि. को लिड दर** | **यस कार्यको दर** | **बढी दर** | **बढी भुक्तानी रु.** |
|---|---|---|---|---|---|---|---|
| ४-२०७७/३/२५ | सडकमा ग्राभेल गर्ने कार्य भंगहा-९ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ९७५.६५५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | ५९६०४७ |
| ५-२०७७/३/२५ | सडकमा ग्राभेल गर्ने कार्य भंगहा-९ | बाहिरबाट ग्राभेल ल्याई फिलिङ गर्ने र ज्यामीद्वारा कम्प्याक्सन गर्ने | ४८७.५५ | १२१४.८९ | १८२५.८१ | ६१०.९२ | २९७८९५ |
| | | | | | | **जम्मा** | **८९३९४२** |

१२७. **दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका जिन्सी सामानहरूको खरिद गरेकोमा दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु. १२३३०५

| **गो.भौ.नं./मिति** | **सामानको विवरण र परिमाण** | **फर्म** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ८-२०७७/३/३० | फोटोकपी पेपर २० रिम समेत | अभिषेक पुस्तक तथा पत्र-पत्रिका सेन्टर (३००४८०९ | १८५०० | दाखिला प्रतिवेदन फाराममा जिन्सी खाता पाना नं. उल्लेख गरेको तर दाखिला |
| | आर्थिक कार्यविधि ऐन १ थान समेतको सामान | | २५९५ | |
| | नेपाली कागज १० रिम A4 समेत | | १९३०० | |
| | खरिद आदेश ३ ठेली समेतको सामान | | १९९०५ | |
| | स्टेप्लर मेसिन २ वटा समेत | | ४५०० | |

| | | | | |
|---|---|---|---|---|
| ९-२०७७/३/३० | डायरी १०० थान र जेल पेन १०० थान | ०२) | ४३५०५ | नगराएको । |
| | डायरी १५ थान, जेलपेन १५ थान र कार्यलय झोला २ थान | | १५००० | |
| | | जम्मा | **१२३३०५** | |

१२८. **Form Work मा मूल्य अभिवृद्धी करः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धी कर, कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेमा निम्न फर्मको काममा मूल्य अभिवृद्धी कर भुक्तानी दिएको तर उपभोक्ताले कर विजक समेत पेश नगरेकोले देहायको रकम असुल गर्नुपर्ने रु. ३९३६८.६

| गो.भौ.नं./मिति | योजनाको नाम | Form Work को परीमाण ($M^2$) | प्रति वर्ग मिटरमा मू.अ.कर रु. | जम्मा मू.अ.कर रु. |
|---|---|---|---|---|
| ६-२०७७/३/३० | इनार निर्माण कार्य भंगहा-४ | ६१६.२९ | ६३.८८ | ३९,३६८.६० |

१२९. **एकमुष्ट लागत अनुमान :- ३-२०७७/३/२३** वडा नं. ६ मा अधुरो शिव मन्दिर निर्माण वापत रु. २५ लाख खर्च लेखेको श्रेस्ता परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन् ।

क) लागत अनुमान तयार गर्दा हरेक आइटमको कामको विवरण, संख्या, लम्बाई, चौडाई, उचाई, परिमाण, इकाई, प्रतिइकाई दर उल्लेख गरी परिमाण इकाई र दरको गुणनको योगबाट लागत अनुमान तयार गर्नुपर्ने, प्रतिइकाई लागत अनुमान तयार हुने कार्यमा एकमुष्ट लागत अनुमान तयार गर्न नहुनेमा मन्दिरको लागत अनुमान तयार गर्दा मुख्य ढोका, पर्खाल, पेन्टिङ्ग र फिटिङ्ग कार्यको रु. १०५०००।- काठको मुख्य गेट निर्माण, पेन्टिङ्ग गर्ने र ग्रिल निर्माण कार्य रु. ४००००।- इलेक्ट्रिक कार्य रु. ६००००।- जस्ता कार्यको लागि एकमुष्ट लागत अनुमान तयार गरी भुक्तानी दिएको छ । यसरी साविकमा निर्माण भएको कार्यको एकिकृत अभिलेख वेगर निर्माण गरेको मनासिव देखिएन ।

ख) कार्यालयले कार्य सम्पन्न प्रतिवेदन अनुसार १२००.१९ किलो फलामे डण्डी प्रयोग भएको भनी मूल्यांकन गरेको छ । तर उपभोक्ताले पेश गरेको अम्विका जनरल स्टोर्स (३०२५५८४०१) को मिति २०७७/३/1 को विजक नं. १८६ अनुसार उपभोक्ताले जम्मा ९५० किलो मात्र डण्डी ल्याएको देखिएको र श्रेस्ता साथ अन्य विल नरहेको अवस्थामा २५० किलो बढी परीमाण मूल्यांकन भएकोले प्रति किलो मूल्यांकन दर रु. ११८.९१ को दरले हुने रु. २९७२७.५ असुल गर्नुपर्ने रु. २९७२८

१३०. **उपभोक्ता मार्फत निर्माण कार्य :-४-२०७७/३/२४** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा उपभोक्ताको योगदान स्पष्ट हुनु पर्ने एंव उपभोक्ताले निर्माण व्यवसायी मार्फत कार्य गराउन नहुने व्यवस्था छ । उपभोक्ताले सम्पूर्ण कार्य माँ शत कन्या निर्माण सेवा (३०२३५६८५६) मार्फत गराएको निजले पेश गरेको विजकबाट स्पष्ट हुन्छ । यस अवस्थामा उपभोक्ताको योगदान कतै नदेखिएको ,श्रेष्ता साथ डोर हाजिर नरहेकोले र उपभोक्ताले योगदान गर्नुको सट्टा बचतमा रहेको देखिन्छ । तसर्थ उपभोक्ता मार्फत कार्य गराउँदा प्रतिस्पर्धा सिमित भएको र योगदान नभएको अवस्था देखिएकोले सुधार गर्नु पर्ने देखिएको नियमित गर्नुपर्ने रु. ३०१०५५

| गो.भौ.नं./ मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कार्यसम्पन्न रकम रु. | कार्यालयबाट भएको भुक्तानी (क) | निर्माण व्यवसायी को विजक नं. र मिति | निर्माण व्यवसायीले पेश गरेको विलको रकम रु. (ख) | निर्माण व्यवसायीले लिएको रकमभन्दा कार्यालयले दिएको बढी भुक्तानी रु. (क-ख) |
|---|---|---|---|---|---|---|---|
| ४-२०७७/३/२४ | वडा नं. ४ हरिणमणिटोलदेखि दक्षिण वर्मास्थान हुँदै दक्षितिर जाने बाटो ग्रावेल गर्ने कार्य | माँ शत कन्या निर्माण सेवा | २१२७६१४.५८ | १८९५००० | ६५-२०७७/३/२२ | १७०६००६ | १८८९९४ |
| ५-२०७७/३/२५ | वडा नं. ९ हरिणमणि मुसहरी टोलदेखि पश्चिम | | ११३२२५६.९५ | १०१६००० | ६४-२०७७/३/२३ | ९०३९३९ | ११२०६१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अजगेवा परिक्रमा सडकसम्म ग्रावेल गर्ने | | | | | | |
| | | | | | | | जम्मा | ३०१०५५ | |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | | | | | | | | |

१३१. **दाखिलाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका जिन्सी सामानहरूको खरिद गरेकोमा दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. २५६३४७

| गो.भौ.नं./मिति | खरिद गरिएको सामानको विवरण | फर्म | रकम | कैफियत |
|---|---|---|---|---|
| ८-२०७७/३/२३ | कार्टेज ६ थान, इन्डेक्स फाइल १० थान, रेकर्ट फाइल १००० थान र डायरी ५० थान | पैरवी कन्सल्ट्स प्रा.ली. (६०६५४४१६६) | ५०२३५ | दाखिला प्रतिवेदनमा दाखिला नम्बर चढाएको तर जिन्सी दाखिला नगरेको |
| १०-२०७७/३/२४ | प्रिन्टर | न्यू यअर कम्प्यूटर (३००६२२४५६) | ९८५१० | |
| | HDD १ वटा समेत | न्यू यअर कम्प्यूटर एण्ड जेनरल (३००६२२४५६) | ११६०० | |
| | ६६ इन्च असिस दराज २ थान समेत | न्यू गौतम स्टिल फर्निचर उद्योग (६०४१३३९८२) | ९६००२ | |
| | | जम्मा | २५६३४७ | |

**सामाजिक सुरक्षा तर्फ**

१३२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को १५(ख) मा सामाजिक सुरक्षा भत्ता निजको व्यक्तिगत नाममा खोलिएको बैंक खातामा कार्यालयले रकम जम्मा गरी दिनुपर्ने व्यवस्था छ । व्यवस्थापन सुचना प्रणाली (MIS) दर्ता गराई बैंकमार्फत वितरण गर्नुपर्दछ । कार्यालयले व्यवस्थापन सुचना प्रणाली (MIS) दर्ता गराई रु. १०४७४८८००।- हातले नगद वितरण गरेको देखियो । नगदै बितरण गर्ने कार्यले हिनामिनाको जोखिम रहने र संघीय सरकारको निर्देशनको पालना नगरी स्थानीय तहको निर्णयको आधारमा सामाजिक सुरक्षा भत्ता घरघरमा वितरण गर्ने कार्य गरेको नियम सम्मत देखिएन । कार्यालयले सामाजिक सुरक्षा भत्ता बितरण सम्बन्धमा अनुगमन गरी वास्तविकता यकिन गर्नुपर्दछ ।

१३३. आर्थिक कार्यविधि ऐन, २०६४ नियम ३६(३)मा खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले वडा सचिवहरूलाई समाजिक सुरक्षा बितरणका लागि दिएको पहिलो देखि तेस्रो चौमासिक पेश्की रकम मध्ये बितरण गरी बाँकी रहेको रकम बैक दाखिला गर्नुपर्नेमा निम्न सचिवहरूले बितरण गरी बाँकी रहेको रकम पुरै दाखिला नगरी घटी दाखिला गरेकोले बाँकी रकमको १० प्रतिशत व्याज समेत लगाई असुलउपर गर्नुपर्ने रु. ३०००००

| पेश्की लिनेको नाम र पद | निकासा | वितरण | दाखिला | बाँकी |
|---|---|---|---|---|
| वडा नं. ३ र ४ का वडा सचिव लक्ष्मी प्रसाद सिंह | १६७२०४०० | १६४२७६०० | ५६०० | २८७२०० |
| वडा नं. ८ का वडा सचिव तनुकलाल दास | १४१७६८०० | १४१०२४०० | ६४८०० | ९६०० |
| वडा नं. ९ का वडा सचिव मिथिलेस यादव(बालपोषणको दोस्रो र तेस्रो किस्ताको वितरणको पे.फ. बाँकी रु.१६९९२००) | १७१९१२०० | १५४८४००० | ४८०० | ३२०० |
| **जम्मा** | **४८०८८४००** | **४६०१४०००** | **७५२००** | **३०००००** |

१३४. **८-२०७६/११/५** वडा नं. ४ का वडा सचिव लक्ष्मि प्रसाद सिंहले पहिलो चौमासिकको बालपोषण भत्ता वितरणको क्रममा उमेर पुरा हुने बालबालिकालाई निम्न बमोजिम बढी भुक्तानी दिएको हुँदा बढी वितरण भएको रकम असुल गर्नुपर्ने रु. २४००

| बालबालिकाको नाम | जन्म मिति | कुल भुक्तानी | दिनु पर्ने भुक्तानी रु. | असुल गर्नु पर्ने रु. |
|---|---|---|---|---|
| अर्चना कुमारी महतो | २०७१/४/२६ | १६०० | ४०० | १२०० |
| आशिक यादव | २०७१/५/१० | १६०० | ८०० | ८०० |
| प्रतिक कुमार महतो | २०७१/६/१० | १६०० | १२०० | ४०० |
| **जम्मा** | | **४८००** | **२४००** | **२४००** |

**राजश्वतर्फ**

१३५. **राजश्व दाखिलाः-** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ को दफा १२ र १३ मा प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि बैंक दाखिला गर्नुपर्नेछ । आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय प्रमुखले १० दिन ढिलो गरेको भए १० प्रतिशत, १५ दिन ढिलोसम्म ढिलो गरेको भए १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न र कसूरको मात्रानुसार प्रचलित कानून वमोजिम विभागीय कारवाहीसमेत गर्न गराउन सक्ने व्यवस्था छ । निम्न वडा सचिवले असुल गरेको राजश्व समयमा दाखिला नगरेको हुँदा नियमानुसार लाग्ने जरिवाना सहित असुलउपर गर्नुपर्ने रु. ८३५६४

| राजस्व असुलीको किसिम | नाम | राजश्व असुली रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|
| वडा स्तरिय विभिन्न राजश्व | वडा नं. ९ का वडा सचिव मिथिलेस यादव | २७५७२७ | २१४२६३ | ६१४६४ |
| दहत्तर बहत्तर | का.स. प्रमोद यादव | ८५७६५० | ८४२६५० | १५००० |
| दहत्तर बहत्तर | का.स. मोमताज अंसारी | ५४९५५० | ५४२४५० | ७१०० |
| | जम्मा | १६८२९२७ | १५९९३६३ | ८३५६४ |

१३६. **ठेली पेश नभएकोः-** लेखापरीक्षण क्रममा आन्तरिक राजश्वको विभिन्न १५ ठेली फेला परेको देखिदैन । कार्यालयले उक्त ठेली खोजतलास तथा छानविन गरी राजश्व हिनमिना रोक्ने तथा कार्यालयले हिनामिना गरेको देखिएकोमा दण्ड जरिवानासहित असुलउपर गर्नुपर्दछ ।

| रसिद लिनेको नाम | रसिद नं. | रसिदको प्रकार | ठेली संख्या |
|---|---|---|---|
| का.स. श्रवण यादव | १००१-११०० | दहत्तर बहत्तर | १ |
| वडा नं. ६ का वडा सचिव विरेन्द्र महतो | ४१०१-४२०० | मालपोत | २ |
| वडा नं. ९ का वडा सचिव मिथिलेश यादव | ४८५१-४९०० | नगदी | १ |
| | | जम्मा | ४ |

१३७. **घटी राजस्व असुलीः-** कार्यालयले तयार गरेको वातावरणिय असर सम्बन्धी प्रतिवेदन अनुसार देहायको परिमाण बमोजिम निम्नानुसार राजस्व असुल हुनु पर्नेमा सो अनुसार ठेक्का नलागेको कारण अमानतमा असुल गर्दा घटी असुल भएकोले घटी असुल भएको कारण खोजी गर्नु पर्दछ ।

| उत्खनन स्थान | उत्खनन बस्तु | IEE अनुसारको कूल परिमाण | प्रति घन मिटर रु. ४ ले न्यूनतम ठेक्का अंक सेवा शुल्क र भ्याट बाहेक | अमानतबाट असुली | घटी असुली रु. |
|---|---|---|---|---|---|
| रातु नदी हात्तिसरवा खण्ड | ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवा | २३२८४८० | ९३१३९२० | २३५२०५० | ६९६१८७० |

१३८. मूल्यअभिवृद्धि कर नियमावलि अनुसार प्राकृतिक श्रोतको उत्खनन् गरि विक्रि गर्दा मूल्यअभिवृद्धि कर लाग्ने व्यवस्था छ । वर्ष ठेक्काबाट रु. ९५५१०००।- राजश्व प्राप्त भएकोमा मूल्य अभिवृद्धी कर ऐन अनुसार कबोल कर्ता खुश्बु निर्माण सेवाले मूल्य अभिवृद्धी कर दाखिला गरेको नदेखिएकोले १३ प्रतिशतले हुने रु. १२४१६३०।- मूल्य अभिवृद्धी कर दाखिला गर्नुपर्ने रु. १२४१६३०

१३९. **घटी असुली** :- कबोलकर्तासँग सम्झौता गर्दा प्राप्त हुनु पर्ने राजश्व सम्बन्धमा कुनै व्यहोरा उल्लेख गरेको छैन् । तर दोस्रो किस्ता सम्झौता रकमको सूचना अनुसार ५० प्रतिशत रु. ४७७५५००।- २०७७ बैशाख महिना भित्र दाखिला गर्नु पर्नेमा कार्यालयको खातामा मिति २०७७/३/३० मा मात्र दाखिला गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रति दिन ०.०५ प्रतिशतले २९ दिनको रु. १३८४८९.५ असुल गर्नु पर्ने देखिएको रु. १३८४८९

१४०. प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लगायतका शुलक तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले राजश्व बाँडफाँड खाता नराखेको कारण गत वर्ष सम्म असुली राजश्व के कति प्रदेशमा दाखिला गर्न बाँकी रहेको छ भनी एकिन गर्न सकिएन । यो वर्ष नदिजन्य पदार्थको विक्रिबाट प्राप्त देहायको रकम प्रदेश संचित कोषमा पठाउनु पर्ने देखिएको रु. ४७६११८०

| विवरण | कूल असुली | स्थानिय संचित कोषमा रहनु पर्ने ६०% रकम रु. | प्रदेश संचित कोषमा रहनु पर्ने ४०% रकम रु. |
|---|---|---|---|
| अमानतबाट असुली | २३५१९५० | १४११७७० | ९४०७८० |
| ठेक्काबाट असुली | ९५५१००० | ५७३०६०० | ३८२०४०० |
| जम्मा | ११९०२९५० | ७१४१७७० | ४७६११८० |

**कोभिड-१९**

१४१. कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस नगरपालिकामा २०७६ अषाढ मसान्तसम्म बजेट उपशिर्षक स्थानिय स्तरमा विपद व्यवस्थापन र राहत वितरणमा रु. १३४४५००० र प्रदेश सरकारबाट प्राप्त रु. १५००००० गरि जम्मा रु. १४९४५००० बजेट विनियोजन गरी रु. १४०४३५०० खर्च लेखेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार अषाढ मसान्तसम्म ७०० वटा बेड सहितको १२ वटा क्वारेन्टाइन गृह संचालन भएकोमा १०६१ जना भर्ना भएकोमध्ये ९१३ जनाको टेष्ट गर्दा ३५ जना PCR Positive र ६१ जना RDT Positive गरी जम्मा ९६ जना कोभिड Positive भएका छन् । कोभिड-१९ व्यवस्थापनमा भएको खर्च सम्बन्धि विवरण निम्न छः-

| विवरण | खर्च |
|---|---|
| औषधी खरिद | ८२२००० |
| साबुन, सेनिटाइजर, मास्क खरिद | १३००००० |
| साहत सामाग्री खाद्यान्न वितरण | ६०१४००० |
| RDT, PP खरिद | ७१३००० |
| एम्बुलेन्स मर्मत | २८२००० |
| झुल, विछ्याउने, खाट, ओछ्यान खरिद | १९४०००० |
| प्रचार प्रचार खर्च | ३०५०० |
| इन्धन खर्च | २५०००० |
| मानिस दुवानी भाडाको गाडीबाट बोर्डरदेखी नगरपालिकासम्म | १५०००० |
| स्वास्थ्यकर्मी भ्रमण | ६२००० |
| १२ वटा क्वारेन्टाइनमा भएको क्वारेन्टाइन निर्माण | १२५००० |
| १२ वटा क्वारेन्टाइन मानिसहरूलाई खाना नास्ता विविध खर्च | २३५५००० |
| जम्मा | १४०४३५०० |

१४२. **पूँजिगतबाट क्वारेन्टाइन खर्चः-११६-२०७७/२/२२** सत्य कृष्णा समिल उद्योग भंगहा न.पा. ५, महोत्तरीको विजक नं. १-२०७७/२/९ र विजक नं. २-२०७७/२/११ को बिल अनुसार १५० थान खाटको प्रति खाट रु. ४०००।- मा मूल्य अभिवृद्धी कर थप गर्दा हुने रु. ६७८०००।- क्वारेन्टाइनको लागि खाट खरिद गरेको भनि जिन्सी खाताको पाना नं. ३७९ मा दाखिला गरेको प्रतिवेदन फाराम भरेता पनि उक्त खातामा सो सामान नदेखिएको र हाल क्वारेन्टाइन संचालन नभएकोले क्वारेन्टाइनका लागि लिइएका त्यस्ता खाट कार्यालयमा रहेको एंव कुनै सार्वजनिक निकायलाई हस्तान्तरण गरेको देखिएन । अतः ती सामान जिन्सी मौज्दात रहेको एंव हस्तान्तरण गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. ६७८०००

१४३. **दररेट भन्दा बढी भुक्तानीः-** २९२-२०७७।२।६ कोभीड १९ रोग नियन्त्रण तथा रोकथाम गर्न Emergency covid 19 स्वास्थ्य सामग्रीहरू खरिद गर्न तीनवटा आपूर्तिकर्ता सँग मिति २०७७।१।३ मा दररेट माग गरे बमोजिम उक्त आपूर्तिकर्ताहरूको मिति २०७७।१।५ को दर रेट पेश गरेको पत्र अनुसार न्यूनतम दर पेश गर्ने एस.आर. मल्टिट्रेड प्रा लि (६०४२५९३६५) लाई रु ४४८७२३ (मु.अ.कर समेत) भुक्तानी गरेको छ । उक्त आपुरतीकर्ताले पेश गरेको दररेटमा Thermal gun thermometer को प्रति एकाइ दर रु ११००० रहेकोमा पेश भएको बिलमा रु १२४३० को दरले ९ थानको रु १११८७० भुक्तानी भएको छ । यसरी पेश गरेको दररेट भन्दा रु १२८७० बढी भुक्तानी भएकोले बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. १२८७०

१४४. **प्रधानमन्त्री राहत कोषमा रकम जम्मा नभएको :- ४०१-२०७७/३/२१** कोभिड-१९ रोग रोकथामका लागि यस नगरपालिकाका कर्मचारीहरूको पारिश्रमिकबाट रु. १३४५१४.८६ कट्टा गरेको पाइयो । उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्नु पर्नेमा हालसम्म जम्मा नगरी स्थानिय संचित कोषमा दाखिला गरेको पाइयो । उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्नु पर्ने रु. १३४५१५

१४५. **दाखिलाः-** कोभिड-१९ रोग नियन्त्रण र रोकथाम गर्न यस नगरपालिका अन्तर्गत १२ वटा क्वारेन्टाइन संचालन भएको पाइयो । उक्त क्वारेन्टाइन स्थल संचालनका लागि पि.पि.ई. सेट, IR थर्ममिटर, औषधी, खाद्यान्न, बेडिङ्ग,

सिलिङ्ग फेन, इन्भर्टर जस्ता विभिन्न खप्ने र नखप्ने किसिमका सामाग्रीहरू खरिद गरि सम्बन्धित क्वारेन्टाइन स्थल संचालन गर्ने संयोजकलाई हस्तान्तरण गरेको पाइयो । उक्त सामाग्री खरिद पश्चात दाखिला प्रतिवेदन फारममा जि.खा.पा.नं. उल्लेख गरे तापनि खर्च भएर जाने जिन्सी किताव म ले प फारम नम्बर ५२ मा कुनै पनि सामानको आम्दानी बाँधेको पाइएन । क्वारेन्टाइन संचालनका लागि खरिद गरिएका खर्च भएर नजाने रु. १५०४६३ को निम्न सामाग्रीहरूको नगरपालिका जिन्सी किताबमा आम्दानी र खर्च तथा हस्तान्तरण गरीएका क्वारेन्टाइन गृह, स्वास्थ्य चौकी, वडा कार्यालयको दाखिला प्रतिवेदन पेश गर्नु पर्ने रु. १५०४६३

| गो.भौ.नं./मिति | सामाग्री | दाखिला/ ह.फा. | थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३८२-२०७७/३/१६ | सिलिङ्ग फेन | विभिन्न | १९ थान | ४७५०० | |
| ३४६-२०७७/३/२ | UPS इन्भर्टर, ब्याट्री | नगरपालिका कार्यालय | १/१ थान | ३०२६३ | दाखिला नरहेको |
| ३७७-२०७७/२/१६ | IR थर्ममिटर | नगरपालिका कार्यालय | १ थान | १२००० | |
| ३४१-२०७७/२/२७ | IR थर्ममिटर | राकेश गिरी | ७ थान | ३१५०० | |
| ७६९-२०७७/३/३१ | सिलिङ्ग फेन | जयकरण चौधरी | ६ थान | १३२०० | |
| ४६०-२०७७/३/३१ | सिलिङ्ग फेन | राम भरोसी यादव | ५ थान | १६००० | दाखिला नरहेको |
| | | | जम्मा | १५०४६३ | |

१४६. **राहत वितरणः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कोभिड-१९ रोकथाम नियन्त्रण तथा राहत वितरणका लागि यस नगरपालिकाका ९ वटा वडामा रु. ६४६०००।- को दरले जम्मा रु. ५८१४०००।- को चामल, दाल, नुन, तेल खरिद गरी वितरण गरेको छ । उक्त राहत वितरणका लागि राहत सामाग्री खरिद गर्न ठेक्का प्रकृयाबाट गर्नु पर्नेमा चामल खरिदका लागि कोटेशन माग गरी तथा दाल, नुन, तेल खरिदका लागि सोझै खरिद गरेको छ । कार्यालयले महामारिको समयमा राहत सामाग्री यथासिग्र खरिद गर्नुपर्ने हुँदा खरिद प्रक्रिया पुरा गर्न नसकेको जनाएको छ । आवश्यक खरिद प्रक्रिया पुरा गरी खरिद कार्य गर्नु पर्दछ ।

| फर्म | राहत सामाग्री | वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| रामचन्द्र सेलर मिल (३००३५००४५) | चामल रु. ४२ प्रति के.जी. | ९ | ३४८३००० | प्रत्येक वडामा कोटेशन माग गरी खरिद गरेको । |
| बजरंग किराना भण्डार (३०४५३३२३९) | दाल, नुन, तेल | ९ | २२९२८३८.२ | सोझै खरिद |
| | | जम्मा | ५७७५८३८.२ | |

१४७. **भरपाई वेगर खर्च :- ४५१-२०७७/३/३१** स्वाव कलेक्सन तथा RDT चेक जाँचका लागि विभिन्न स्वास्थ्य कार्यालय, विभागबाट खटिएका ल्यव टेक्निसियन अधिकृत मनोज मिश्र लगायत ३ जनालाई विभिन्न मितिको भ्रमण खर्च वापत यस नगरपालिकाका राकेस गिरीलाई रु. ६२६०० भुक्तानी गरेको छ । उक्त व्यक्तिहरूले रकम बुझेको भरपाई पेश नभएकोमा भरपाई पेश गर्नु पर्ने रु. ६२६००

१४८. **४६१-२०७७/३/३१** वडा नं. ९ मा मास्क र स्यानिटाइजर वितरणका लागि सामान खरिद गरि वडा सचिव मिथिलेश यादवले रु. १००००० पेश्की फछ्यौंट गरेको छ । रिधि सिद्धी फार्मेसीसँग रु. ७४७०० को ४१५० थान मास्क र रु. ३०००० को २०० थान ह्याण्ड स्यानिटाइजर खरिद गरेकोमा उक्त सामान वितरणको भरपाईमा परिमाण खुलेको छैन् । यसरी वितरण गरेको भरपाईमा परिमाण नखुलनाले वास्तविक वितरण गरेको संख्या यकिन गर्न सकिएन् । खरिद सामान अनुसारको वितरण भरपाई पेश गर्नुपर्ने रु. १०००००

१४९. **क्वारेन्टाइन संचालनः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पर्याप्त आधार प्रमाण राखेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । क्वारेन्टाइन गृह संचालन गर्न निम्न क्वारेन्टाइन स्थलमा निम्न व्यक्तिहरूलाई रु. ११७७५०० भुक्तानी गरेकोमा रु. ३३९८८१ को मात्र विल भरपाई पेश भएको पाइयो । विल भरपाई बेगर भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु. ३३९८८१

| गो.भौ.नं./मिति | क्वारेन्टाइन संचालन | नाम | भुक्तानी रकम | विल भरपाई रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६९-२०७७/३/३१ | वडा नं. ७ मा शंकर मा.वि. र नारायण मा.वि. गोरहन्ना | सामाजिक परिचालक जयकरण चौधरी | ५४६००० | ३०६११९ | २३९८८१ | गो.भौ.नं. ४७९ बाट १००००० पे.फ. समेत |
| ४७९-२०७७/३/३१ | वडा नं. ८ रा.नि.मा.वि. पररिया | का.स. अभिजित यादव | १००००० | ० | १००००० | |
| | | जम्मा | ६४६००० | ३०६११९ | ३३९८८१ | |

१५०. **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझौ गर्न सकिने, रु.५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझौ खरिद गर्न नहुने सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख छ । पालिकाले क्वारेन्टाइन संचालनका लागि सिरानी, झुल, तन्ना, सिरानी खोल खरिद गर्दा एकै आपूर्तिकर्तासँग पटक पटक गरी रु. १३२०१७९ को सोझै खरिद गरेको छ । यसरी पटक पटक टुक्रे विलको आधारमा खरिद गरेको नियमित देखिएन ।

| गो.भौ.नं./मिति | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|
| ३१६-२०७७/२/२१ | हस्मति एम्पोरियम (३०६८३३८११) | ९७९७१ | |
| ३४०-२०७७/२/२७ | | ८३०६६३ | १३ वटा विलबाट |
| ४७५-२०७७/३/३१ | | ३९१५४५ | ७ वटा विलबाट |
| | जम्मा | १३२०१७९ | |

**उद्दार, राहत तथा पुनस्थापना खर्च**

१५१. **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ के दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा संभव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. ५ लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउ पत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा वर्षभर नै सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी गर्न तर्फ ध्यान दिनु पर्दछ । सोझै खरिद गरेको केही नियमित नदेखिएको केहि उदाहरण देहायअनुसार छन।

| गो.भौ.नं./मिति | विवरण | फर्म | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६-२०७७/३/२२ | चामल दाल समेतका राहत सामाग्री खरिद | स्नेहा गल्ला भण्डार (३०५१६६८२३) | १९०७५० | दरभाउपत्र पेश गरी रामचन्द्र सेलर मिलबाट ४१४० किलो चामल खरिद भएकोमा प्रतिकिलो रु. ४२ कै दरले थप ३२५० किलो दरभाउपत्र पेश नभएको फर्मबाट खरिद गरेको । |
| | खाने तेल, नून समेतका राहत सामाग्री खरिद | बजरंग किराना भण्डार (३०४५३३२३९) | ११७७१९.८७ | |
| ५-२०७७/३/२२ | रहर दाल १० किलो समेत | बजरंग किराना भण्डार (३०४५३३२३९) | २७६६.९१ | |
| | खाने तेल, नून समेतका राहत सामाग्री खरिद | बजरंग किराना भण्डार (३०४५३३२३९) | १९६६७४.८४ | |
| | | जम्मा | **५०७९११** | |

१५२. **भौचर पेश नभएको :-** ४-२०७७/३/२२ वडा नं. १ का वडा सचिव श्री नारायण यादवको गो.भौ.नं. २-२०७७/१/३ मा रु. ५०००००।- राहत वितरण भरपाईको आधारमा पे.फ. गरिएको भनी भौचर उठाएकोमा लेखापरीक्षणको क्रममा भौचर पेश नभएकोले सो पेश हुनु पर्ने रु. ५०००००

१५३. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की माथि पेश्की दिन नहुने र पेश्की रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कर्मचारी, व्यक्ति, संस्थालाई पटक पटक पेश्की माथि

पेश्की दिएको निम्नानुसारको पेश्की रु.२३९९२००।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेको देखियो । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. २३९९२००

| क्र.सं. | पेश्की लिनेको नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| १ | खरिदार विरेन्द्र महतो | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| २ | खरिदार लक्ष्मिप्रसाद सिंह | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ३ | खरिदार श्रीनारायण यादव | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ४ | खरिदार गणेश प्रसाद चौधरी | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ५ | खरिदार विजय कुमार सिंह | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ६ | खरिदार तन्नुकलाल दास | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ७ | खरिदार विजय कुमार सिंह | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००००० |
| ८ | वडा सचिव मिथिलेस यादव | सामाजिक सुरक्षा | १६९९२०० |
| | | **जम्मा** | **२३९९२००** |

१५४. **बेरुजु सम्परीक्षणः-** स्थानीय सरकार सञ्चाला ऐन, २०७४ को दफा ८४(२)(घ) र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजुको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तीको हुने व्यवस्था छ । नगरपालिकाको बाँकी बेरुजु मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु. ४७६७८२३६।- पेश गरेकोमा रु. ४७६४७८८३।- सम्परीक्षण गरी जानकारी दिइएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छः-

| आर्थिक वर्ष | बेरुजु विवरण | | विवरण | फछ्र्यौट रकम रु. |
|---|---|---|---|---|
| | दफा नं. | क्र.सं. | | |
| २०७५/७६ | १६ | १ | शशर्त अनुदान बैंक दाखिला गरी फिर्ता गरेको प्रमाण पेश भई फछ्र्यौट | ४७४४७८८३ |
| २०७६/७६ | १२१ | ३ | बब्लु कापरको पेश्की प्रमाण कागजात पेश भई फछ्र्यौट | २००००० |
| | | | जम्मा | ४७६४७८८३ |

१५५. **आन्तरिक लेखापरीक्षणको व्यहोराः-**

| ब.उ.शि.नं. | गो.भौ.नं./मिति | व्यहोरा | रकम |
|---|---|---|---|
| समानिकरण अनुदान (पूँजीगत) | ७६-२०७६/१२/५ | श्री शिव बाबा सेवा समिति भंगहा-५ को नाममा रु. ४९२५०।- को चेक काटिएकोमा उक्त चेक नसाटिएकोले सो चेक बमोजिमको रकम हिसावमिलान गरी प्रमाण पेश गर्नुपर्ने । | ४९२५० |
| शशर्त अनुदान | ४८-२०७७/१/३० | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्य पुस्तक अनुदान अन्तर्गत रु. ४११००२० को पाठ्य पुस्तक खरिद अनुदान वितरण गरेकोमा विद्यालयको नाम नामेसी विवरण राखी प्रमाण पेश गर्नु पर्ने । | ४११००२० |
| स्थानिय पूर्वाधार विकास साझेदार | ३-२०७७/१/३१ | श्रेस्ता परीक्षण गर्दा वि.पि. स्मारक ज्ञानकुञ्ज प्रा.वि. अजगेवा भवन निर्माण उपभोक्ता समितिलाई माँ शत कन्या निर्माण सेवाले विल नम्बर ५० बाट मिति २०७६/१२/१२ र सोही उपभोक्ता समितिलाई सोही निर्माण सेवा ले विल नम्बर २० बाट मिति २०७६/१२/२६ को बिल उपलब्ध गराएकोले विल नम्बर र मिति क्रमश नभै फरक देखिएकोले सो को यथार्थ विवरण पत्ता लगाउनु पर्ने देखिएको । | |
| | | श्रेस्ता परीक्षण गर्दा वि.पि. स्मारक ज्ञानकुञ्ज प्रा.वि. अजगेवा भवन निर्माण उपभोक्ता समितिलाई सूर्या काष्ठ फर्निचर उद्योगको विल नम्बर १०९ बाट मिति २०७६/१२/२६ र सोही उपभोक्ता समितिलाई सोही आपूर्तिकर्ताको विल नम्बर १०८ र १०७ बाट मिति २०७६/१२/२७ को बिल उपलब्ध गराएकोले विल नम्बर र मिति क्रमश नभै फरक देखिएकोले सो को यथार्थ विवरण पत्ता लगाउनु पर्ने देखिएको । साथै विल नम्बर १०५ मा मिति समेत नभएकोले सो समेत एकिन गर्नुपर्ने देखिन्छ । | |

१५६. **अनुगमन तथा सम्परीक्षणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था

| | | |
|---|---|---|
| | रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कुनै कागजात पेश गरेको छैन् । बाँकी बेरुजु नियमानुसार असुल फर्छयौट गर्नुपर्दछ । | |
| १५७. | **संचित कोष र बेरुजुको अवस्थाः** पालिकाको संचित कोष, बेरुजु (राजश्व, विनियोजन, धरौटी र अन्य कारोबार) वर्गिकरण र बेरुजुको अध्यावधिक स्थिति क्रमशः अनुसूची १, अनुसूची २ र अनुसूची ३ मा समावेश छ । | |

कार्यालयको नामः- भँगाहा नगरपालिका, महोत्तरी

आ.व. २०७६।७७

## सञ्चित कोषको विवरण

अनूसुची-१

२०७६/७७

(रु. हजारमा)

| स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भँगाहा नगरपालिका | जिल्ला | १३२२३७२ | १३३९०५ | १०.१३ | ३५९२२ | ३५०८११ | ८९१७६ | ६४६४८ | १५३७५४ | ६५८३८९ | २७४९५७ | १९३४७५ | १९५५५१ | ६६३९८३ | ३०३२८ |

## बेरुजु बर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)

अनूसुची २

२०७६/७७

(रु. हजारमा)

| स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगानी | | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | पेश्की अन्य | पेश्की जम्मा |
| भँगाहा नगरपालिका | जिल्ला | ७३ | १०४ | १३३९०५ | ० | ० | ० | ७३ | १०४ | १३३९०५ | १२२२० | ३१७५८ | ८७५२८ | ० | ० | ११९२८६ | २३९९ | ० | २३९९ |

अनुसुची-३

## अद्यावधिक वेरुजु स्थिति

(रु. हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | गत वर्ष सम्मको यथार्थ बेरुजु | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भँगाहा नगरपालिका | जिल्ला | १५४९६३ | ० | १५४९६३ | ४७६७८ | ४७६४८ | ३० | ० | १०७३१५ | १३३९०५ | २४१२२० | ६१६४ |